# स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना

# (Local Disaster and Climate Resilience Plan)

## २०८१




**सुवर्ण गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय, कवही गोठ, बारा**
**मधेश प्रदेश, नेपाल**
**२०८१**

सुवर्ण गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, कवही गोठ, बारा

मधेस प्रदेश, नेपाल

पत्र संख्या

च.नं.

मिति:२०८१/११/२५ गते

## शुभकामना

बारा जिल्लाको सुवर्ण गाउँपालिका विभिन्न प्राकृतिक र मानवजन्य विपद् जोखिमको हिसाबले उच्च जोखिमयुक्त क्षेत्र हो। यहाँ वर्षेनी विभिन्न प्रकोपहरू दोहोरीरहन्छ, जसमा जनावरको आतंक, बाढी, आगलागी, चट्याङ, हावाहुरी, खडेरी, खेतीबालीमा लाग्ने रोग, र सडक दुर्घटनाहरू समावेश छन्। भूकम्पले पनि यहाँ मानव जीवन, भौतिक संरचना, र आर्थिक क्षेत्रमा ठूलो क्षति पुर्याउने खतरा छ।

विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन र नागरिकको जीउधनको सुरक्षा गर्न विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ लागू गरिएको छ। यस ऐनले स्थानीय तहलाई जिम्मेवार बनाउँदै, विभिन्न निकायहरूसँग सहकार्यमा विपद् व्यवस्थापनको कामलाई बलियो बनाउन समन्वयकारी भुमिका खेलेको छ। विपद् तथा जलवायुजन्य परिस्थितिको सामना गर्न स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना आवश्यक छ, जसले सबै प्रकारका संभावित प्रकोपहरूको बारेमा पूर्व तयारी तथा प्रतिकार्य गर्ने सहयोग गर्दछ ।

यो योजनाले विपद् व्यवस्थापनको सबै चरणमा समुदायको सक्रिय सहभागिता बढाउन, विपदको असर घटाउन, र जोखिम हस्तान्तरण प्रक्रियालाई व्यवस्थित गर्न मद्दत गर्दछ। यस योजना तयार गर्न सहयोग पुर्याउने सबै सरोकारवाला निकायहरुलाई म हार्दिक धन्यवाद दिन चाहन्छु।सुवर्ण गाउँपालिका यस योजनामा उल्लेख विपद् व्यवस्थापनका सबै गतिविधिहरुलाई पूर्ण रुपमा पालना गर्ने प्रति प्रतिबद्ध रहेको छ। यस योजनालाई प्रभावकारी रूपमा लागू गर्नका लागि हामी सरोकारवालाहरूको सहयोगको अपेक्षा राख्दछौं। यो योजनाले विपद् व्यवस्थापनको कार्यलाई सजिलो र व्यवस्थित बनाउन मद्दत गर्नेछ भन्ने विश्वास गर्दछु । विपद् व्यवस्थापनमा समन्वयात्मक र योजनाबद्ध प्रतिकार्यका लागि यो एक महत्वपूर्ण औजार हुनेछ। समग्रमा, यस योजनाले विपद्को समयमा गरिने सबै कार्यहरूलाई एकरूपता दिने र समुदायको सुरक्षा सुनिश्चित गर्ने लक्ष्य राखेको छ। हामी यो योजनालाई कार्यान्वयन गराएर विपद् जोखिम घटाउने छौ ।

अन्ततः, यो योजना विपद्को जोखिम न्यून गर्न, भविष्यको तयारी गर्न, र दीर्घकालीन सुरक्षा बढाउन प्रभावकारी सिद्ध हुनेछ भन्ने आशा गर्दछु।

राजेश प्रसाद यादव<br>
अध्यक्ष<br>
सुवर्ण गाउँपालिका



राजेश प्रसाद यादव<br>
गा.पा. अध्यक्ष

प्रकाशक: सुवर्ण गाउँपालिका

सर्वाधिकार : सुवर्ण गाउँपालिका,बारा

आर्थिक सहयोग: ईस्लामिक रिलिफ नेपाल (Islamic Relief Nepal)

स्थानीय साझेदार संस्था: जनजागरण युवा क्लब (JJYC)

निर्माण निर्देशिका: स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका २०६८**Local Disaster Risk Management Plan Guideline (LDRMP-2068)**र स्थानीय विपद् तथा जलवायु उत्थानशीलयोजना तर्जुमा निर्देशिका, मस्यौदा २०७४**Local Disaster and Climate Resilience Planning Guidelines (LDCRP -2074)**

दस्तावेज: स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना-२०८१, सुवर्ण गाउँपालिकाबारा, २०८१

प्राविधिक परामर्शदाताहरुः राम कुमार गुरुङ्गरनवीन दाहाल

# विषयसूची


| | |
|---|---|
| **खण्ड - १ : प्रारम्भिक परिचय** | |
| १.१ परिचय | ८ |
| १.२ योजनाको परिकल्पना, ध्येय, लक्ष्य र उद्देश्य | १३ |
| १.३ योजनाको आवश्यकता तथा महत्व | १४ |
| १.४ योजनाका सीमा | १५ |
| १.५ योजना निर्माण प्रक्रिया विधि | १६ |
| १.६ योजना कार्यान्वयन रणनीति | १८ |
| १.७ योजनाको अनुगमन, मुल्याङ्कन तथा पुनरावलोकन | १८ |
| **खण्ड - २ : प्रकोप, सङ्कटासन्नता, क्षमता र जोखिम विश्लेषण** | |
| २.१ गाँउपालिकामा प्रकोपको अवस्था | १९ |
| २.२ सुवर्ण गाँउपालिकाको जोडी तुलना | २२ |
| २.३ जोखिम तथा समस्या विश्लेषण | २३ |
| २.४ समुदाय तथा वडाहरूको सङ्कटासन्नता तथा क्षमता विश्लेषण | २६ |
| २.५ गाउँपालिकाको क्षमता विश्लेषण | २८ |
| २.६ जोखिम पहिचान तथा विश्लेषण | २९ |
| **खण्ड - ३ : स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना** | |
| ३.१ दिर्घकालिन सोंच | ३२ |
| ३.२ परिदृश्य | ३२ |
| ३.३ ध्येयः | ३२ |
| ३.४ लक्ष्य | ३२ |
| ३.५ उद्देश्य | ३२ |
| ३.६ योजनाको आवश्यकता तथा महत्व | ३३ |
| ३.७ नीति | ३३ |
| ३.८ रणनीति | ३४ |
| **खण्ड ४ : स्थानीय विपद् तथा जलवायु उत्थानशील गतिविधीहरु** | |
| ४.१ विपद् पूर्वका क्रियाकलापहरू (पूर्वतयारी, रोकथाम, अल्पिकरण र अनुकूलनका योजनाहरु) | ३५ |
| **खण्ड - ५ : स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाको अनुगमन, मूल्याङ्कन तथा अध्यावधिकता** | |
| ५.१ योजना कार्यान्वयन रणनीति | ४६ |

| | |
|---|---|
| ५.२ योजनाको अनुगन, मूल्याङ्कन तथा पुनरावलोकन | ४७ |
| ५.३ योजनाको अध्यावधिकता | ४७ |


# योजनाको सारांश

नेपाल प्राकृतिक विपद् जोखिमको उच्च क्षेत्रमा पर्ने देश हो। यहाँ बारम्बार भूकम्प, बाढी, पहिरो, हावाहुरी, असिनापानी, आगलागी र चट्याङ् जस्ता विपद्ले जनजीवनमा ठूलो असर पुर्याउँछ।जलवायु परिवर्तनका कारण थप विपदको घटना बढ्दै गएको छ। जलवायु परिवर्तनले मानिसहरूको जनजीविका, स्वास्थ्य, शिक्षा, कृषि, र जैविक विविधता सबैमा नकारात्मक प्रभाव पारिरहेको छ। विशेष गरी ग्रामीण क्षेत्रमा र विपन्न समुदायमा यो असर झनै गहिरो देखिन्छर जनजीवन अझ जटिल र कष्टकर बन्दै गएको छ।

नेपाल सरकारको विपद् जोखिम न्यूनीकरण रणनीतिअनुसार, विपद् व्यवस्थापन र जलवायु परिवर्तनको लागि स्थानीय स्तरमै पुर्वतयारी, रोकथाम र प्रतिकार्य आवश्यक छ। सुवर्ण गाउँपालिकामा जलवायु परिवर्तनले बाढी, पहिरो, खडेरी, र असिनापानीलाई बढाएको छ, जसले कृषिमा ठूलो असर पुर्याएको छ।कृषिमा परेको असरले यहाँका स्थानीय जनताको जनजीविकामा थप कठिनाई उत्पन्न गराएको छ। जलवायु परिवर्तनको प्रभाव विशेष गरी गर्भवती महिला, बालबालिका, वृद्धवृद्धा, अपांगता भएका व्यक्ति र विपन्न समुदायहरूमा बढी देखिएको छ। यसकारण, यी समुदायलाई ध्यानमा राखेर विशेष कार्यक्रम सञ्चालन गर्नु जरूरी भएको छ।

सुवर्ण गाउँपालिकामा विपद् जोखिम न्यूनीकरण र जलवायु अनुकूलनका कार्यक्रमहरू स्थानीय स्रोत साधन प्रयोग गरेर दिगो र समावेशी बनाउन आवश्यक छ। यसले विपद् व्यवस्थापन र जलवायु अनुकूलनलाई गाउँपालिकाको नियमित कार्ययोजनामा समेट्ने प्रयास गरेको छ।यस कार्यमा सफल हुन स्थानीय विपद् व्यवस्थापन समिती, गाउँपालिकाको सम्बन्धित शाखा, वडा कार्यालय, स्थानीय समुदाय र अन्य सरोकारवालाहरूको सहकार्य आवश्यक छ। सुवर्ण गाउँपालिकाले आगामी ५ वर्षका लागि स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना बनाएको छ, जसले स्थानीय स्तरमा विपद् व्यवस्थापनलाई समावेशी र उत्तरदायी बनाउने उद्देश्य लिएको छ।

यो योजना कार्यान्वयन भएपछि गाउँपालिकाकोसमुदायलाईविपद् तथा जलवायु अनुकूलनको क्षमता वृद्धि गर्नमा सहयोग पुग्नेछ। यसले दिगो विकासको आधार निर्माण गर्ने र विपद् जोखिमलाई न्यून गराउने विश्वास लिइएको छ। योजनाको हरेक चरणमा स्थानीय सहभागिता, पारदर्शिता, र समावेशीकरणलाई प्राथमिकता दिइनेछ। यसले गर्दा योजना गाउँपालिकाको जनताले आफूलाई सुरक्षित महसुस गर्ने वातावरण बनाउनेछ। यो योजना सुवर्ण गाउँपालिकालाई

राजेश प्रसाद यादव
गा.पा. अध्यक्ष

जलवायु परिवर्तन र विपद् व्यवस्थापनमा सक्षम र जिम्मेवार बनाउने कार्यमा एक महत्वपूर्ण कदम हुनेछ। यसको प्रभावकारी कार्यान्वयनले समुदायलाई थप सशक्त बनाउनेछ।

| शिर्षक | विवरण |
|---|---|
| योजनाको परिकल्पना | यस योजनाको मुख्य उद्देश्य सम्भावित विपद् तथा जलवायु परिवर्तनको जोखिम कम गर्नु हो। विपद् आइपर्दा तत्काल आपतकालीन कामहरू सम्पादन गर्न, असरलाई कम गर्न प्रभावकारी उपायहरू अपनाउन, र विपद् पश्चात पुनःस्थापना तथा पुनर्निर्माण कार्यलाई मार्गदर्शन दिन यो योजना लागू गरिएको छ। यो योजनाले विपद् व्यवस्थापन र जलवायु अनुकूलनलाई गाउँपालिका र वडास्तरमा प्रभावकारी बनाउँदै स्थानीय समुदायलाई सुरक्षित राख्ने दिशामा काम गर्नेछ। |
| आशातित उपलब्धी | यो योजना मार्फत विपद् र जलवायु परिवर्तनका चुनौतीलाई विकासका हरेक क्रियाकलापमा समेटिनेछ। विपद् न्यूनीकरण र जलवायु परिवर्तनसँग मिलेर अघि बढ्न, यस गाउँपालिकाले विपद् उत्थानशील समुदाय निर्माण गर्न प्रतिबद्धता जनाएको छ। योजनाले स्थानीय वासीलाई सुरक्षित, अनुकूलित, र सशक्त बनाउने उद्देश्य राखेको छ, जसले गर्दा विपद्का असर कम हुँदै जानेछ। |
| योजना कार्यान्वयन | यो योजना गाउँपालिकाको नेतृत्वमा लागू हुनेछ। साझेदार संघसंस्थाहरूको सहकार्यमा योजना कार्यान्वयन हुनेछ, जसले गर्दा समुदायमा आवश्यक स्रोत र सहयोग सजिलै पुग्न सक्छ । |
| मुख्य भूमिका/ सहयोग गर्न सक्ने निकायहरु | विपद् व्यवस्थापनका लागिस्थानीय विपद् व्यवस्थापन समितिले नेतृत्व गर्नेछ। जिल्ला समन्वय समिती, जिल्ला विपद् व्यवस्थापन समिति, गाउँपालिकाको सम्बन्धितशाखाहरू (शिक्षा, कृषि, पशु, स्वास्थ्य), नेपाल रेडक्रस सोसाइटी, सुरक्षा निकाय, वित्तीय संस्थाहरू, बाल क्लब, युवा क्लब, एफ.एम. रेडियो, र विकास साझेदारहरूको पनि सहकार्य रहनेछ। |
| क्षमता विकास | स्थानीय विपद् व्यवस्थापन समिती तथा वडामा वडा स्तरीय विपद् व्यवस्थापन समितिले सरोकारवालाहरूको क्षमता अभिवृद्धिका लागि विभिन्न गतिविधिहरू सञ्चालन गर्नेछन्। यी गतिविधिहरूले विपद्को समयमा प्रभावकारी तयारी र प्रतिकार्यमा सहयोग पुर्‍याउने उद्देश्य राख्छन्। |
| लैंगिक तथा सामाजिक समाबेशकिरण | सुवर्ण गाउँपालिकामा जलवायु परिवर्तन र अन्य कारणले मानवीय तथा पारिस्थितिक प्रणालीमा परेको नकारात्मक असरलाई सम्बोधन गर्न विशेष अनुकूलन क्रियाकलापहरू तयार गरिएका छन्। यसमा वृद्धवृद्धा, गर्भवती र सुत्केरी महिला, २ वर्ष मुनिका बालबालिका, विपन्न, जनजाती, दलित, महिला तथा पछाडी पारिएका समुदायहरूको पहुँच र सहभागिता सुनिश्चित गरिएको छ। |
| योजनाको समायोजन | सुवर्ण गाउँपालिकाको लागि तयार गरिएको स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनालाई दिगो र संस्थागत रुपमा कार्यान्वयन गर्न गाउँपालिका र वडा स्तरमा बनाईदै गरेको आवधिक योजना र गाउँपालिकाको वार्षिक योजना तर्जुमा प्रक्रियासँग मिलाएर समायोजन गरिनेछ। यो योजना अन्य सरकारी र गैर सरकारी निकायहरूको वार्षिक योजनामा समेत समेट्नका लागि पहल गरिनेछ। |
| कार्यान्वयन | सुवर्ण गाउँपालिका र वडा कार्यालयको नेतृत्वमा र स्थानीय सेवा प्रदायक संघ-संस्थाको सहयोगले यो योजना कार्यान्वयन गरिनेछ। |



राजेश प्रसाद यादव
गा.पा. अध्यक्ष

| | |
|---|---|
| **अनुगमन तथा मुल्याङ्कन** | कार्यक्रमको अनुगमन र मूल्यांकन जिल्ला, गाउँपालिका, वडा कार्यालय, टोल, र समुदायका स्तरमा गरिनेछ। |

# खण्ड-१ : प्रारम्भिक परिचय

## १.१ परिचयः

सुवर्ण गाँउपालिका मधेश प्रदेशमा अवस्थित ५९ गाँउपालिकाहरु तथा बारा जिल्लामा रहेको नौ वटा गाँउपालिकाहरु मध्ये एक हो जो नेपालको संविधान २०७२ बमोजिम गठित स्थानिय तह पुनः संरचना आयोगको सिफारिस बमोजिम साविकको गा.वि.स. कवहीगोठ, बागही, हर्दिया, प्रर्शुरामपुर(वडा नं. २,३,४,५,६,७,८,९), मझरिया(वडा नं. १,२,३,४,५,६,७ र ९) तथा बडकी फुलवरिया(वडा नं. १,७,८ र ९) हरुलाई समायोजन गरी स्थापना भएको हो । यस सुवर्ण गाउँपालिकाको नामाकरण प्रजातान्त्रिक आन्दोलनका अगुवा तथा कवहीगोठका राजा सुवर्ण शम्सेर ज.ब.रा.को नामबाट भएको हो । बि.सं. २०७८ को राष्ट्रिय जनगणना अनुसार जम्मा घरधुरी ५,०७३ रहेको छ भने कुल जनसंख्या ३५१४१ रहेकोमा पुरुष १८१६८(५१.१%) र महिला १६९७३(४८.३%) र लिंग अनुपात १०६.९९ पुरुष प्रति सय महिला रहेको छ । यस गाउँपालिकाको जनघनत्व ९५४ रहेको छ । शैक्षिक अवस्थाको कुरा गर्ने हो भने यस गाउँपालिकाको साक्षरता दर ४७.३ प्रतिशत रहेको छ जसमा महिला साक्षरता ३८.१% तथा पुरुष साक्षरता ५५.९% रहेको छ । त्यस्तै, गाँउपालिकामा अपांगता भएको जनसंख्याको दर ०.९% रहेको छ जसमा ०.८% महिला तथा १.० % पुरुष रहेका छन् ।




सुवर्ण गाउँपालिकाको कुल क्षेत्रफल ३६.८४ वर्ग कि.मि. क्षेत्रफल रहेको यस गाउँपालिकामा बहुजातिको बसोबास रहेको पाईन्छ भने मुख्य रुपले यादव, कुम्हार, दुसाद, चमार, पासी, तत्मा, बीन, धोबी, तेली, लोहार, हजाम, चमार, कानु, मल्लाह, कलवार, चौधरी तथा मुसलमान आदिको मिश्रित बसोबास पाईन्छ । जम्मा ८ वटा वडाहरु रहेको यस गाँउपालिकाको कार्यालय कबही गोठमा अवस्थित छ र प्राय अन्य सबै सरकारी कार्यालयहरु तथा वित्तिय संघसंस्थाहरु यहीबाट संचालन हुन्छ ।यहाँको तापक्रम अधिकतम ४२ डिग्रीसेन्टिग्रेड र न्युनतम तापक्रम १२ डिग्री सेन्टिग्रेड सम्म हुने तराई क्षेत्र हो। यस सुवर्ण गाउँपालिकामा विधालय, स्वास्थ्य चौकी, प्रहरी चौकी, सशस्त्र प्रहरी बेस लगायतका कार्यालयहरु रहेको छन । यस गाउँपालिकाको पुर्वमा पचरौता नगरपालिका, पश्चिममा देवताल गाउँपालिका, उतरमा महागढीमाई नगरपालिका र दक्षिणमा भारतको सिमाना रहेको छ।

यो गाउँपालिकाको मुख्य आर्कषणहरु मध्ये माईबाबा मन्दिर, चंकीमाई मन्दिर, रामजानकी मन्दिर, पशुरामपुर मस्जिद, बरमबाबा मन्दिर, हनुमान मन्दिर, लोरियामाई मन्दिर आदि रहेको छ । छठ पर्व, दशै, लक्ष्मी पुजा, जितिया, चोरचन,

सामा चखेवा, भाई दुज, माघी, होली र जुड शितल यहाको मुख्य चाडपर्वहरु हुन । कृषि यहाको मुख्य पेशा हो । यहा खास गरि धान, मकै, गहू, उखु, तोरीका साथै दलहन र तेलहन बालीहरु मुख्य रुपले लगाईन्छ । यसका साथै यो पालिका सागसब्जी उत्पादनका लागि पनि उर्बर मानिन्छ ।

यो गाउँपालिका विभिन्न प्रकारको प्रकोप र विपद्हरुले आक्रान्त रहेको छ । खास गरि बर्षायाममा पसाहा खोला, थलही खोला र तियर खोलामा आउने बाढीका कारण कृषि क्षेत्रमा बर्षेनी ब्यापक क्षति हुने गरेको छ । यस बाहेक शीत लहर, खडेरी, पानी तथा पशुजन्य रोग तथा जनावर आतंक (नीलगाई र बदेल) बाट समेत प्रभावित रहेको छ । हाल यस गाउँपालिकामा ८ वटा स्वास्थ्य चौकीहरु रहेका छ र त्यस मध्ये २ वटामा प्रसुती सेवा समेत प्रवाह भई रहेको छ जस्ले गर्दा स्वास्थ्य सेवाको स्तर तुलनात्मक रुपमा संतोषजनक मान्न सकिन्छ ।पालिकाको सबै जसो वडाहरु कच्ची, पक्की, कालोपत्रे वा ग्राभेल बाटोको माध्यमले एक अर्कासंग जोडिएको छ ।

जलवायु परिवर्तनको असर पनि बिस्तारै यस पालिकामा देखा पर्न थाली सकेको छ र यसलाई यहाँका खेती किसानी गर्ने समुदायहरुले बुझ्न थाली सकेका छन् । खास गरी वर्षा हुने समय हेरफेर हुन थालेको उनीहरु बताउछन । यसका साथै बाली लगाउने र भित्र्याउने समय समेत केहि हेरफेर भएको महसुस उनीहरुले गर्न थालेका छन् । यस बाहेक अति चिसो अनि अति गर्मी हुन थालेको अनि यिनीहरुको अवधि पनि तलमाथि भएको उनीहरु बताउछन ।

यो गाउँपालिकामा विभिन्न प्रकारको प्रकोप र विपद्हरुले प्रभाव रहेको छ । बालीमा लाग्न रोग यहाँ प्रमुख प्रकोपको रुपमा देखा परेको छ । गर्मी याममा आगलागीको घटना बारम्बार देखिने गरेको छ । त्यसै गरी बर्षा याममा पसाहा, तियर, थलही, भुतही तथा जमुनी खोलामा आउने बाढीका कारण बर्षेनी यी खोलानालासंग सम्पर्कमा रहेका वडा नं. १ मा चरमोहना, बगही २ मा कवही, नैका टोला,इटाही र ३, नं.मा आधा चरमोहना बढी डुबान तथा कटानले ब्यापक बालीनालीको क्षति गर्ने गरेको छ भने बाँकी वडाहरु आशिंक रुपले प्रभावित रहेका छन् । । पालिकामा बर्षै भै देखा परी रहने पशुजन्य रोग पनि अर्को एउटा प्रमुख प्रकोपका रुपमा हेरिएको छ । यस बाहेक शीत लहर, खडेरी, तथा जनावर आतंक (नीलगाई र बदेल) बाट समेत यो पालिका प्रभावित रहेको छ । हाल यस पालिकामा ८ वटा स्वास्थ्य चौकीहरु तथा प्राथमिक स्वास्थ्य केन्द्रहरु रहेका छ र त्यस मध्ये २ वटामा प्रसुती सेवा समेत प्रवाह भई रहेको छ जस्ले गर्दा स्वास्थ्य सेवाको स्तरसंतोषजनक रहेको छ ।

## गाउँपालिकाको सङ्क्षिप्त विवरण

| भौगोलिक अवस्थिति | विवरण |
|---|---|
| प्रदेश नं. | मधेश प्रदेश |
| जिल्ला : | बारा |
| क्षेत्रफलः | ३६.८४ वर्ग किमि |
| कृषि क्षेत्र | २१५३ हेक्टर (१८९८ हेक्टर सिंचित) |
| वडा संख्याः | ८ |
| भगौलिक बनौट | तराई क्षेत्र तथा उत्तरी क्षेत्रमा भावर र चुरे पर्वत |
| सिमाना | पूर्व : पचरौता नगरपालिका |
| | पश्चिम : देवताल गाउँपालिका |
| | उत्तर : महागढीमाई नगरपालिका |
| | दक्षिणः भारत |

| चाडपर्व | नयाँवर्ष, रामनवमी, बुद्धजयन्ती, नागपञ्चमी, ऋषितर्पणी/रक्षाबन्धन, श्रीकृष्णजन्माष्टमी, तीज/ऋषिपञ्चमी, दशैं, तिहार, माघे सङ्क्रान्ति, शिवरात्रि, फगुवा/होली, मुहर्रम, रमजान, इद उल फित्र, इदअजहा उल या बकर ईद |
|---|---|
| भेषभुषा | मिश्रित जातजातिको वसोवास रहेको यस गाउँपालिकामा मुख्य बोलीचालीको भाषा भोजपुरी रहेको छ । भेषभुषाका रुपमा पुरुषहरुले मुख्य रुपमा धोती, कुर्ता पेन्ट तथा कोट र महिलाले साडी र कुर्ता सुरुवाल लगाउने गर्दछन् |
| प्रमुख पेशा | कृषि, ज्यालादारी, |
| सहायक पेशा | वैदेशिक रोजगारी, नोकरी, उद्योग व्यापार, पशुपालन |
| प्रमुख खोलाहरू | पसाहा खोला, थलही खोला, तियर खोला |
| अवस्थिति | अक्षांशः 27.07° N देशान्तरः85.18° E |
| जनसंख्या | कुल जनसंख्या ३५१४१ (२०७८ को राष्ट्रिय जनगणना अनुसार)<br>पुरुष १८१६८ (५१.१%) र महिला १६९७३ (४८.३%)<br>जनघनत्व :९५४ प्रति वर्ग किलोमिटर |
| घरधुरी | ५,०७३ |
| शिक्षित प्रतिशत | ४७.३ % |

## क)जलवायुको अवस्था

हावापानीका हिसाबले यो गाउँपालिका समशीतोष्ण हावापानी भएको क्षेत्रमा पर्दछ ।

## ख) धरातलीय अवस्था

यस क्षेत्रमा धरातलिय स्वरुपका हिसाबले अधिकांश क्षेत्र समथर भूभागले ओगटेको छ । यस सुवर्ण गाउँपालिकामा वसोवास योग्य क्षेत्र सहितको उर्वर खेतीयोग्य जमिन रहेको छ। सामान्यतः यस बलौटे खालको माटो रहेको देखिन्छ । सुवर्ण गाउँपालिकाकोसिंचाइको मुख्य श्रोत थलही खोला र तियर खोलारहेका छ । नदीले यस क्षेत्रको अधिकांश जमिनमा सिंचाइ सेवा उपलब्ध गराएको छ। यसका साथै डिप बोरिङ तथा मोटरबाट पनि सिंचाई गरिन्छ र मोटर चलाए बापत उठेको विधुतको महसुल भने गाउँपालिकाले कृषि मिटर कार्यक्रम अन्तर्गत भुक्तानी गर्ने गरेको छभने अन्य जमिनको लागि आकाशे पानी सवै भन्दा भरपर्दो सिंचाईको श्रोत हो ।

## ग) टोल तथा बस्तीहरू

| वडा नं. | टोल/बस्तीको नाम |
|---|---|
| १ | चरमोहना, बगही, कुम्म टोली, शोलकपुर, चमटोली |
| २ | दक्षिण कवही, कवही,नैका टोला,इटाही, धुसुकपुर |
| ३ | पञ्चगछिया, संतगञ्ज, लंगला टोल, बखतौरा, आधा चरमोहना, जमुनिया |
| ४ | सानो हर्दिया, ठूलो हर्दिया, खिखिरिया |
| ५ | औरिया, पर्शुरामपुर |
| ६ | मुसहर्ना, मजहरिया, धर्मपुर |
| ७ | समफुलवा, चौरहिया, बहुअर्वा |
| ८ | पर्शुरामपुर, भिस्वा, बेलवा, खिखरिया, मझहरिया |

## घ) घरधुरी विवरण

२०६८ को जनगणनामा जम्मा४,०३५ घरधुरी रहेकोमा २०७८ मा आएर सो सङ्ख्या बढेर ५,०७३पुगेको देखिन्छ ।

| जनगणना | वडाहरु | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | |
| २०६८ को जनगणनामा | ५२७ | ५६९ | ५८८ | ४३३ | ३५५ | ५५६ | ५६० | ४४७ | ४०३५ |
| २०७८ को जनगणनामा | ६५२ | ६७० | ७८९ | ३८९ | ४५८ | ६१२ | ७६८ | ७३५ | ५०७३ |
| घरधुरी वृद्धि | १२५ | १०१ | २०१ | -४४ | १०३ | ५६ | २०८ | २८८ | १०३८ |

*श्रोत: राष्ट्रिय जनगणना २०७८*

## ङ)वडागत रुपमा जनसङ्ख्याको वितरण

| वडा | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| १ | २१६२ | २०४८ | ४२१० |
| २ | २६४८ | २४०६ | ५०५४ |
| ३ | २७८१ | २५८२ | ५३७१ |
| ४ | १३०९ | ११७९ | २४८८ |
| ५ | २५७९ | १४४५ | ३०२४ |
| ६ | १९९५ | २००० | ३९९५ |
| ७ | २९७८ | २७८० | ५७५८ |
| ८ | २७०४ | २५३७ | ५२४१ |
| **जम्मा** | **१८१६४** | **१६९७७** | **३५१४१** |

*श्रोत: राष्ट्रिय जनगणना २०७८*

## च) उमेर अनुसार जनसङ्ख्याको वितरण

उमेर अनुसारसवैभन्दा धेरै ५ देखि ९ वर्ष उमेर समुहका रहेको छन् जसको जनसङ्ख्या ४७७८ रहेको छ । यसैगरी सवैभन्दा कम संख्यामा रहेका उमेर समूहका मानिसहरू भने९० देखि ९४ उमेरका मानिसहरु रहेका छन् ।

| उमेर वर्ग | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| ०-४ | २२४३ | २०७९ | ४३२२ |
| ५-९ | २४४८ | २३३० | ४७७८ |
| १०-१४ | २१५४ | २०६१ | ४२१५ |
| १५-१९ | २०४४ | १६४३ | ३६८७ |
| २०-२४ | १५८७ | १४४४ | ३०३१ |
| २५-२९ | १२७२ | १३४४ | २६१६ |
| ३०-३४ | १०९३ | १२३० | २३२३ |

| | | | |
|---|---|---|---|
| ३५-३९ | १०३५ | १०८८ | २१२३ |
| ४०-४४ | ९२५ | ८५९ | १७८४ |
| ४५-४९ | ७२८ | ६८१ | १४०९ |
| ५०-५४ | ६८५ | ५१७ | १२०२ |
| ५५-५९ | ४२९ | ३७६ | ८०५ |
| ६०-६४ | ४३५ | ४४३ | ८७८ |
| ६५-६९ | ३९८ | २९६ | ६९४ |
| ७०-७४ | ३४२ | ३३७ | ६७९ |
| ७५-७९ | २४० | १५७ | ३९७ |
| ८०-८४ | ५८ | ५१ | १०९ |
| ८५-८९ | ३२ | १८ | ५० |
| ९०-९४ | ६ | ८ | १४ |
| ९५ माथि | १० | १५ | २५ |

*श्रोत: राष्ट्रिय जनगणना २०७८*

## छ) उमेर तथा लैङ्गिक आधारमा परिवारमूली

यस गाउँपालिकाभित्र पुरुष परिवारमूली रहेका घरधुरीहरू ९३.८ प्रतिशत रहेको देखिन्छ भने महिला परिवारमूली रहेका घरधुरीहरू भण्डै ६.१३ प्रतिशत छन् ।

| वर्ग | पुरुष | प्रतिशत | महिला | प्रतिशत |
|---|---|---|---|---|
| १४ | ६ | ०.१ | ० | ० |
| १५-१९ | ३२ | ०.६ | ० | ० |
| २०-२९ | ३५९ | ७.१ | ५२ | १.०३ |
| ३०-३९ | ९७५ | १९.२ | १०९ | २.१ |
| ४०-४९ | ११८९ | २३.४ | ५७ | १.१ |
| ५०-५९ | ९८६ | १९.४ | ३३ | ०.७ |
| ६०-६९ | ७३४ | १४.५ | २९ | ०.६ |
| ७० | ४८४ | ९.५ | २८ | ०.६ |
| जम्मा | | ९३.८ | | ६.१३ |

*श्रोत: राष्ट्रिय जनगणना २०७८*

## ज)वडाको सम्पन्नता स्तरीकरण

यस गाउँपालिका भित्रका घरधुरीलाई आफ्नो स्वविवेकको आधारमा आर्थिक हैसियतको श्रेणी यकिन गराउँदा निम्न बमोजिम वर्गीकरण रहेको पाइन्छ । वडाको सम्पन्नता स्तरीकरण गर्न सर्भेक्षणको विवरणलाई निम्न बमोजिम वर्गीकरण गरिएको छ:

- धेरै गरिब वर्गीकरणलाई अति विपन्न;
- गरिब वर्गीकरणलाई विपन्न;

- निम्न मध्यम वर्ग, मध्यम वर्ग तथा उच्च मध्यम वर्गका वर्गीकरणलाई मध्यम तथा
- धनी र धेरै धनीलाई सम्पन्न

| वडा | सम्पन्नता स्तरीकरण (जनसंख्याको आधारमा) | | | | कैफियत (जम्मा) |
|---|---|---|---|---|---|
| | अति विपन्न | विपन्न | मध्यम | सम्पन्न | |
| १ | ११५४ | ११६८ | १२३६ | ६५२ | ६.९ व्यक्ति प्रति घरपरिवार |
| २ | १६२५ | १४०० | १२५५ | ७७४ | |
| ३ | १७९३ | १३९४ | १४९७ | ६८७ | |
| ४ | १०५५ | ६९६ | ४३३ | ३०४ | |
| ५ | १०७८ | ५१७ | ७९६ | ६३३ | |
| ६ | ९२९ | १४०४ | १२७८ | ३८४ | |
| ७ | १४६३ | १५९८ | २१५५ | ५४२ | |
| ८ | १५८२ | १५६७ | १३७४ | ७१८ | |
| जम्मा | १०६७९ | ९७४४ | १००२४ | ४६९४ | ३५१४१ |

*श्रोत: राष्ट्रिय जनगणना २०७८*

| वडा | सम्पन्नता स्तरीकरण (घरधुरीको आधारमा) | | | | कैफियत (जम्मा) |
|---|---|---|---|---|---|
| | अति विपन्न | विपन्न | मध्यम | सम्पन्न | |
| १ | १९६ | १७६ | १९६ | ८४ | |
| २ | २३९ | १९४ | १५१ | ८६ | |
| ३ | ३०२ | २०३ | १९९ | ८५ | |
| ४ | १७४ | ११० | ६४ | ४१ | |
| ५ | १८९ | ७० | ११६ | ८३ | |
| ६ | १५९ | २१६ | १८३ | ५४ | |
| ७ | २३१ | २२२ | २५६ | ५९ | |
| ८ | २२९ | २१९ | १९५ | ९२ | |
| जम्मा | १७१९ | १४१० | १३६० | ५८४ | ५०७३ |

*श्रोत: राष्ट्रिय जनगणना २०७८*

***

## १.२ योजनाको परिकल्पना, ध्येय, लक्ष्य र उद्देश्य :

**परिकल्पना**

यस योजनाको परिकल्पना सुवर्ण गाउँपालिकालाई विपद् जोखिममुक्त गाउँपालिकाको रूपमा स्थापित गर्ने रहेको छ ।

**ध्येय**

यस योजनाको मुख्य ध्येय विपद् जोखिम न्यूनीकरणका कार्यहरूलाई विकासमा मुलप्रवाहीकरण गर्ने र समुदायको हरेक वर्गको जीवनस्तरमा सुधार ल्याई सुरक्षित बाँच्न पाउने अधिकार कायम गर्ने रहेको छ ।

**लक्ष्य**

यस योजनाको लक्ष्य विपद्बाट हुने जनधनको क्षति तथा जोखिमलाई कम गर्नुका साथै सहभागितामूलक प्रक्रियाबाट पहिचान गरिएका मुद्दाहरूलाई योजनाको रूप दिई पूर्वतयारीका कार्यहरू गर्ने, जीविकोपार्जनमा अभिवृद्धि गर्ने र विपद् जोखिम न्यूनीकरणका कार्यलाई विकास योजनाहरूमा मुलप्रवाहीकरण गर्ने रहेको छ ।विपद् जोखिम व्यवस्थापनका कार्यहरूलाई संस्थागत गरी विपद्का दृष्टिले सुरक्षित समुदायको निर्माण गर्नका लागि स्थानीय तहका आवधिक र वार्षिक कार्यक्रममा समेत मूलप्रवाहीकरण गरीदिगो विकास गर्नका लागि नेपाल सरकार स्थानीय विकास मन्त्रालयले निर्माण गरेका "स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका-२०६८ तथा पछि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट परिमार्जित "स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका-२०७४" को मस्यौदा अनुसार निर्माण गरिएको छ । यस योजनाको विपद् पूर्व, विपद्का समयमा र विपद् पश्चात् मानिस माथि पर्ने प्रतिकूल प्रभावको सामना गर्न स्थानीय स्रोतको अधिकतम उपयोग गर्दै विभिन्न क्षेत्रसँग समन्वय गरी विपद् पूर्वतयारी, पूर्व चेतावनी प्रणाली, न्यूनीकरण, रोकथाम कार्य गर्नु र प्रभावित समुदायलाई व्यवस्थित, प्रभावकारी, जवाफदेहीयुक्त मानवीय सहयोग उपलब्ध गराउनु मूल उद्देश्य रहेको छ :

- विपद् सम्बन्धी न्यूनतम आधार तथा साझा मापदण्ड निर्धारण गरीगाउँपालिकास्तरीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा गर्ने ।
- गाउँपालिकाभित्र रहेका विपद्को सङ्कटासन्नता, जोखिम र क्षमता पहिचान तथा विश्लेषण गर्ने ।
- विपद् जोखिम व्यवस्थापनका प्राथमिकता प्राप्त कार्यक्रमसहितको योजना तर्जुमा गर्ने ।
- विपद् उत्थानशील समुदायको निर्माणमा योगदान गर्ने ।
- विपद्सँग सामना गर्नसक्ने दक्ष जनशक्ति तयार गर्ने ।
- स्थानीय तहका नीति तथा विकास कार्यक्रममा सबै क्षेत्र र वर्गको समानुपातिक सहभागिता सुनिश्चित गरी विपद् जोखिम व्यवस्थापनलाई संस्थागत गर्न मार्गप्रशस्त गर्ने ।
- विपद्मा परेका व्यक्ति, परिवार र समुदायलाई तत्काल उद्धार गरी मानवीय सेवा प्रदान गर्ने ।
- विपद्बाट प्रभावित समुदायलाई सुरक्षित र सम्मानजनक जीवनयापनका लागि आधारभूत सहयोग उपलब्ध गराउने ।

- उपलब्ध न्यूनतम साधन-स्रोतको अधिकतम उपयोग गर्दै आवश्यक पर्ने थप साधन-स्रोतको खोजी गरी सरकार र सरोकारवाला निकाय तथा संघसंस्थासँग समन्वय गरी विपद् प्रभावित समुदायलाई सहयोग उपलब्ध गराउने ।

## १.३ योजनाको आवश्यकता तथा महत्व

विपद् व्यवस्थापन भित्र गरिने विभिन्न चरणका कार्यहरूलाई व्यवस्थित गर्नका लागि स्थानीय स्तरमा तर्जुमा गरिने विकास योजनाको एउटा प्रमुख भागका रूपमा निरन्तर यो योजना कार्यान्वयन हुन्छ । विपद्को घटना मानव समुदायका लागि सम्वेदनशील भएकोले यस्तो अवस्था नआओस भन्नाका निम्ती हरेक विकासका कार्यलाई विपद व्यवस्थापन कार्यसँग समायोजन गरीदिगो विकासका क्रियाकलापमा समुदायको सक्रिय सहभागिता समेतको अपेक्षा गरिएको हुंदा यसले महत्वपूर्ण स्थान ओगटेको हुन्छ । यसकारण यस योजनाको निकै ठूलो महत्व रहेको छ। त्यसैले यस योजनाको आवश्यकता र महत्वलाई अग्रस्थानमा राख्न सकिन्छ । गाउँपालिकास्तरीय विपद जोखिम व्यवस्थापन योजनाका निम्न महत्वले यसको आवश्यकतालाई पुष्टी गर्दछ :

- गाउँपालिकास्तरमा संस्थागत संरचना तयार हुने ।
- गाउँपालिकास्तरीय विपद् जोखिम न्यूनीकरणमा सूचनाको पहुँच रहने ।
- बहुखतरा जोखिम तथा क्षमता विश्लेषणमा समुदायको सहभागिता हुने ।
- गाउँपालिकामा तयारी/प्रतिकार्य समूहहरू निर्माण हुने ।
- गाउँपालिकास्तरमा विपद् जोखिम न्यूनीकरण योजना तर्जुमा हुने ।
- गाउँपालिकास्तरमा विपद् जोखिम न्यूनीकरण कोष स्थापना हुने ।
- समुदायले व्यवस्थापन गरेका स्रोतहरूमा समान पहुँच गराउने ।
- गाउँपालिकास्तरमा विपद् जोखिम न्यूनीकरणका उपायहरू अवलम्वन गरिने ।
- समुदायमा आधारित पूर्वचेतावनी प्रणालीहरूको स्थापना हुने भएकाले समुदाय सुरक्षित रहन मद्धत पुर्‍याउने।
- योजनाले विपद् पूर्व, विपद्को समयमा र विपद् पश्चात मानिसमाथि पर्ने प्रतिकूल प्रभावको सामना गर्न मद्धत पुर्‍याउने ।
- स्थानीय स्रोत, साधन तथा क्षमताको अधिकतम उपयोग गर्दै विभिन्न क्षेत्रसँग समन्वय गरी विपद् पूर्वतयारी, पूर्व सचेतना प्रणाली, न्यूनीकरण, रोकथाम कार्य गर्नु र प्रभावित समुदायलाई व्यवस्थित, प्रभावकारी, जवाफदेहीयुक्त मानवीय सहयोग उपलब्ध गराउन स्थानीय निकायलाई जिम्मेवार बनाउँने ।
- योजनाले विपद्को समयमा मानवीय सहयोगलाई व्यवस्थित गर्ने सुनिश्चितता दिन सक्ने ।
- विपद्को जोखिम कम गर्न समुदायलाई हातेमालो गर्ने वातावरण बनाउन प्रेरणा दिन सक्ने ।
- प्रभावित समुदायलाई आफ्नो अधिकार र दायित्वको बारेमा सचेत गराउने ।
- उद्धार र राहतजस्ता कार्यमा प्रभावित समुदायको समान पहुँचको प्रत्याभुति गर्ने ।
- आपत्कालीन समयमा सूचना र जानकारी प्रक्षेपणलाई व्यवस्थित गर्न सहयोग गर्ने ।
- सामाजिक, सांस्कृतिक मर्यादा तथा सद्भाव अभिवृद्धिको लागि मार्ग प्रशस्त गर्ने ।

- खानेपानी, सरसफाइ र स्वास्थ्य प्रवर्द्धनका विषयलाई व्यवस्थित गर्न सहयोग गर्ने ।
- स्रोतको सही सदुपयोग गरी प्रभावित समुदायलाई प्रकोपको पीडाबाट मुक्ति दिने बाटो तयार गर्ने ।
- क्षेत्रगत रूपमा कामको बाँडफाँड हुने हुँदा मानवीय सहयोग पारदर्शी, प्रभावकारी र व्यवस्थित हुनुको साथै सेवाप्रदायकमा जवाफदेही र उत्तरदायित्वको भावनाको विकास गराउने ।

## १.४ योजनाका सीमा

योजना तथा कार्यक्रमहरूका आफ्नै महत्व र सीमा हुन्छन् । यस योजनाका पनि महत्वका साथै निम्नअनुसार सीमा पनि रहेका छन् :

- योजनाको कार्यान्वयन स्थानीय निकायहरूले आफ्नो नियमित योजना तर्जुमा प्रक्रियाको अभिन्न अङ्गको रूपमा गर्ने भएकाले विकास-निर्माणसँग सम्बन्धित भएर निरन्तर कार्यान्वयनमा रहने छन् ।
- यो योजना "स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका- २०६८ तथा स्थानीय विपद तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका-२०७४" को मस्यौदाका अनुसार तयार गरिएको छ ।
- यस योजनाको कार्यान्वयनका लागि गाउँपालिकाले आवश्यक रूपमा जनशक्ति तयार गर्न समय लाग्नेछ र त्यसको लागि स्रोतको खोजी गर्नु पर्ने अवस्था रहन्छ, जुन उपलब्ध हुन्छ नै भने निर्क्योल गर्न सकिँदैन ।
- यस योजनाको कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनका लागि आवश्यक दक्ष जनशक्तिको स्थानीय स्तरमा कम उपलब्धता रहन सक्छ ।

## १.५ योजना निर्माण प्रक्रिया विधि

"स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका- २०६८ तथा स्थानीय विपद तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका-२०७४" को मस्यौदाका अनुसार यो योजना तर्जुमा गर्दा गाउँपालिका र वडाका प्रभावित तथा सङ्कटासन्न समुदायको प्रत्यक्ष र समावेशीयुक्त सहभागिता सुनिश्चित हुने गरी समावेशी, सहभागितामूलक र यथार्थपरक बनाउन निम्नअनुसारका प्रक्रियाहरू अवलम्बन गरिएका छन्:

- **योजना निर्माणमा गाउँपालिकाको छनोट :** जिल्ला समन्वय समिति, गाउँपालिका तथा सरोकारवाला संघसंस्थाहरुसँग समन्वय गरीजनजागरण युवा क्लब, बारा र ईस्लामिक रिलिफ नेपालले यस सुवर्ण गाउँपालिकाको छनोट गरेको थियो ।
- **प्रारम्भिक भेला तथास्थानीय विपद् व्यवस्थापन समिति गठनः**गाउँपालिकाअध्यक्ष, उपाध्यक्ष तथा सम्पूर्ण निर्वाचित जन प्रतिनिधी, प्रमुख प्रशासकिय अधिकृत, स्थानीय राजनीतिक दलका प्रतिनिधी, स्थानीय बुद्धिजीविहरू, ज्येष्ठनागरिक, स्थानीय संघसंस्थाका प्रतिनीधि तथा सरोकारवालाहरूको सहभागितामा स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका अनुसार गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समितिको गठन गरिएको थियो ।
- **गाउँपालिकाको कार्यालय र गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समितिमा छलफलः**गाउँपालिका स्तरीय योजना बनाउने विषयमा जनजागरण युवा क्लब, बारा र सुवर्ण गाउँपालिकास्तरीय विपद् व्यवस्थापन समिति तथा अन्य

स्थानीय संघ संस्थाका प्रतिनीधि तथा सरोकारवालाहरूसँग छलफल गरी वडा तथा गाउँपालिका स्तरीय योजना बनाउने कार्यमा सहमति भएको थियो।

- **योजना निर्माण अभिमुखीकरण :**स्थानीय विपद् व्यवस्थापन समिति जनजागरण युवा क्लब, बारा र ईस्लामिक रिलिफ नेपालको सहजीकरणमा अभिमुखीकरण गरिएको थियो । यस अभिमुखीकरणमासहभागिहरूलाई विपदसम्बन्धी आधारभूत विषय बस्तु जस्तै विपद्, प्रकोप, सङ्कटासन्न, जोखिम र क्षमता बारेमा बुझाई, विपद् व्यवस्थापन चक्रवारे छलफल गरिएको थियो भने सूचना संकलन विधि तथा प्रक्रियाको बारेमा छलफल तथा अभ्यास गरिएको थियो। योजनालाई अन्तिम रूप दिने बेलामा परामर्शदाताले पुनः सबै सरोकारवालाहरुसंग छलफल गरेको थियो।
- **सुवर्ण गाउँपालिकाको वडा स्तरीय विपद् जोखिम व्यवस्थापन योजना निर्माणः** यस योजना तयार गर्ने सम्बन्धमा सुवर्ण गाउँपालिकाको गाउँपालिकास्तरीय विपद् व्यवस्थापन समिति,गाउँपालिका कार्यालय, वडा कार्यालयसँग समन्वय गरि सङ्कटासन्नता तथा क्षमता विश्लेषण तथा योजना निर्माणको क्रममा पटक पटक छलफल तथा पुनरावलोकन गरी यस सुवर्ण गाउँपालिका भित्रका ८ वटै वडाहरूको विपदको स्तरीकरण गरिएको थियो ।




- **गाउँपालिका स्तरीय सूचना संकलनः** गाउँपालिकास्तरीय विपद् व्यवस्थापन योजना निर्माणमा सहभागीहरूबाट सहभागितामूलक रूपमा सूचनाको संकलन गरिएको थियो । जसमा विशेष गरेर सामाजिक र आर्थिक सूचना, गाउँपालिकामा हुने प्रकोप र विपद्को ऐतिहासिक विवरण आदि संकलन गरिएको थियो । उक्त सूचनालाई गाउँपालिकास्तरीय विपद् व्यवस्थापन समितिमा छलफल तथा पुनरावलोकन समेत गरी गाउँपालिकास्तरीय सूचना संकलन गरिएको थियो ।
- **योजनाको खाका लेखन कार्यः** सहभागीबाट आएको सूचना तथा योजना निर्माणका क्रममा वडा स्तरबाट आएका सङ्कटासन्नता तथा क्षमता विश्लेषण र वडा स्तरका योजनाहरुलाई समेट्दै विपद् जोखिम व्यवस्थापन विज्ञ परामर्शदाता र विपद् व्यवस्थापन समितिबाट संयूक्त रूपमा योजना लेख्ने कार्य सम्पन्न भएको थियो ।
- **गाउँपालिकाको स्तरीय योजना बैठकः** योजना निर्माण गर्नको लागि बैठक संचालन गरिएको थियो । सहभागितामूलक रूपमा विभिन्न प्रकोपको असरहरू कम गर्न र विपद्को अवस्था सिर्जना हुन नदिन विपद् पहिले के-के कार्य गर्ने, विपद् भै हालेको अवस्थामा के-के कार्यहरू गर्ने र विपद् पश्चात के-के कार्य गर्ने भन्ने सन्दर्भमा विस्तृत छलफल तथा समुह कार्य गरिएको थियो । सहभागीहरूबाट तथा गाउँपालिकाबाट आएको सूचनाको

आधारमा सुवर्ण गाउँपालिकाको गाउँपालिकास्तरीय योजना तयार गरिएको थियो । योजना निर्माणका क्रममा वडा स्तरबाट आएका सुचनाहरुलाई समेट्दै आवश्यकता अनुसार थप योजनाहरुको पनि छनोट गरिएको थियो।

- **योजनाको प्रस्तुती र सुझाव संकलन गोष्ठी :** योजनालाई गाउँपालिकास्तरीय विपद् व्यवस्थापन समितिमा प्रस्तुती गरी योजनामा थप्न पर्ने बुंदाहरू र आवश्यक सल्लाह सुझाव समेटिएको थियो ।
- **योजनाको अन्तिम लेखन कार्य र योजनाको तयारी:**गाउँपालिकास्तरीय विपद् व्यवस्थापन समिति तथा सहभागीहरूबाट आएको सुझावलाई पनि समेटेर विपद् जोखिम व्यवस्थापन योजनाको तयारी कार्य सम्पन्न गरिएको थियो ।

## १.६ योजना कार्यान्वयन रणनीति

### १.६.१ योजनाको स्वीकृति

गाउँपालिकास्तरीय विपद् व्यवस्थापन समितिबाट तयार भएकोगाउँपालिकास्तरीय विपद् जोखिम व्यवस्थापनयोजनालाई गाउँपालिकाले आवश्यक प्रक्रिया पूरा गरी गाउँपालिकापरिषद्बाट स्वीकृत गराईने छ ।

### १.६.२ बजेट व्यवस्था

- स्वीकृत योजनाले निर्धारण गरेका प्राथमिकता प्राप्त क्रियाकलाप सञ्चालनको लागि गाउँपालिकाले आफ्नो क्षमताले भ्याएसम्म बजेट विनियोजन गर्नेछ ।
- योजना कार्यान्वयनको लागि गाउँपालिकाले जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला समन्वय समिति, विषयगत कार्यालय, नेपाल रेडक्रस सोसाइटी, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्था तथा दातृ निकाय समेतको समन्वय र सहयोगमा बजेटको व्यवस्थापनमा पहल गर्नेछ ।

### १.६.३ योजना कार्यान्वयन

- गाउँपालिकाले स्वीकृत विपद् जोखिम व्यवस्थापन योजना स्थानीय विपद् व्यवस्थापन समिति मार्फत् कार्यान्वयन गराउन प्राथमिकता दिनेछ ।
- गाउँपालिकास्तरीय विपद् व्यवस्थापन समितिले स्वीकृत योजना विषयगत कार्यालय, समुदाय, संघसंस्था तथा निजी क्षेत्र एवं समुदायमा आधारित विपद् व्यवस्थापन समिति समेतको सहयोग लिई कार्यान्वयन गर्नेछ ।

## १.७ योजनाको अनुगमन, मुल्याङ्कन तथा पुनरावलोकन

- गाउँपालिकाले वार्षिक नीति तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्दा स्थानीय विपद् जोखिम व्यवस्थापन योजना कार्यान्वयनको समेत नियमित अनुगमन तथा मूल्याङ्कन गर्नेछ ।
- गाउँपालिका स्तरमा गठित अनुगमन समितिले विपद् जोखिम व्यवस्थापन सम्बन्धी कार्यक्रमको प्रभावकारिता समेत मूल्याङ्कन गरी आवश्यकता अनुसार गाउँपालिकामा सिफारिस गर्नेछ ।
- विपद् जोखिम व्यवस्थापन योजना कार्यान्वयन गर्ने संस्थाहरूले आफनो अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन सम्बन्धित निकाय, स्थानीय निकायमा पेश गर्नेछ ।

- गाउँपालिकाको कुनै पनि क्षेत्रमा उत्पन्न विपद्ले सङ्कटासन्नता, क्षमता र जोखिममा पारेको परिवर्तनलाई सम्बोधन गर्न प्रत्येक वर्ष योजनाको पुनरावलोकन गरी वार्षिक कार्यक्रम तथा योजना तयार गर्नेछ ।
- विपद् जोखिम व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन प्रत्येक पाँच वर्षमा योजनाको बृहत् पुनरावलोकन गरी अध्यावधिक गर्नेछ ।

# खण्ड - २ : प्रकोप, सङ्कटासन्नता, क्षमता र जोखिम विश्लेषण

## २.१ गाँउपालिकामा प्रकोपको अवस्था

सुवर्ण गाँउपालिकामा प्राकृतिक र मानव सृजित दुवै किसिमका प्रकोपहरु विद्यमान रहेको पाईन्छ । भूकम्पबाहेकलाई हेर्ने हो भने यस गाउँपालिकामा आगलागीबाट हुने क्षति, पशुजन्य रोग, बाढी, डुबान, खडेरी, जनावरको आतंक,खेतीबालीमा लाग्ने रोग,हुरीबतासलगायतका प्रकोपको जोखिम देखिन्छन् । त्यस्तै, विश्वव्यापी महामारी कोभिड-१९ ले समेत यस गाउँपालिकामा प्रतिकूल असर पारेको देखिन्छ । सुवर्ण गाँउपालिकाको ८ वटै वडाका वडा अध्यक्षहरु, जनप्रतिनिधीहरु, स्थानीय बुद्धिजीविहरू, ज्येष्ठ नागरिक, स्थानीय संघसंस्थाका प्रतिनीधि तथा सरोकारवालाहरूको सहभागितामा यस गाउँपालिकामा के-कस्ता प्रकोपहरू छन् र त्यसमध्ये कुन प्रकोप मुख्य समस्याको रूपमा रहेको छ भनेर जोडी तुलना विधिबाट वडाको स्तरीकरण गरिएको थियो ।स्तरीकरणको आधारमा पहिचान गरिएका मुख्यप्रकोपहरू निम्न रहेका छन् ।

| क..स | प्रकोप | कारण |
|---|---|---|
| १ | भूकम्प | सुवर्ण गाउँपालिकाको समुदायमा भूकम्पबाट हुने सम्भावित जोखिम, संरचनागत क्षति, र जनधनको हानी रोकथामका उपायबारे पर्याप्त जानकारीको अभाव रहेको छ । भूकम्पीय झट्काबाट हुने सम्भावित जोखिमको बारेमा प्राविधिक ज्ञानको अभाव, पालिकाले राष्ट्रिय भवन संहिताको निर्माण नगरेका तथा सुरक्षित निर्माण अभ्यासलाई सशक्त बनाउन नसकेको देखिन्छ,यद्यपी राष्ट्रिय भवन संहिता नगरपालिकाहरुमा मात्र लागु रहेको छ तर सुवर्ण गाउँपालिका पनि द्रुत गतिमा नगरोन्मुख हुदै गईरहेको परिप्रेक्ष्यमा आगामी दिनहरुमा हुने अवस्थालाई मनन गरी भवन संहितालाई कडाईको साथ लागु गरेको खण्डमा यसले भुकम्पीय जोखिम न्यूनीकरणमा एउटा आयाम थप्ने काम हुने छ । |
| २ | बालीमा लाग्ने रोग | यस गाउँपालिकामा बालीमा लाग्ने रोगहरूबाट हुने क्षतिको अवस्था गम्भीर रहेको छ । बालीमा लाग्ने विभिन्न किराहरूले कृषकहरूको उत्पादनमा ठूलो क्षति पुर्याउने गरेको पाइएको छ, जसले कृषि उत्पादनमा गिरावट ल्याएको कुरा समुदायसंगको छलफलमा आएको छ । रोगहरू नियन्त्रण गर्ने पर्याप्त उपायहरूको अभावले कृषकहरूलाई थप आर्थिक बोझ परेको छ । कृषकहरूले कीटनाशकको उचित प्रयोग र जैविक समाधानको आवश्यकता महशुस गरे तापनि त्यसबारे पर्याप्त तालिम र ज्ञानको अभाव देखिएको छ । रोग प्रतिरोधी बाली प्रविधिको प्रयोग र किराको प्रभावकारी व्यवस्थापनबारे समदायमा |

| | | |
|---|---|---|
| | | ज्ञान कम देखिन्छ । |
| ३. | **आगलागी** | गाउँपालिकाको अधिकांश घर कच्ची, खर वा फुसको छानो भएका छन्, जसले गर्दा आगलागीको जोखिम उच्च रहेको छ । फुसको छानो भएका घरहरूको संख्या बढ्दै गएका कारण आगलागी हुँदा व्यापक भौतिक र आर्थिक क्षति हुने गरेको छ । विगतमा आगलागीबाट प्रभावित भएका परिवारहरूले उचित सहयोगको अभावमा चुनौतीको सामना गर्नु परेको उल्लेख गरेका छन् । समुदायमा अग्नी सुरक्षाबारे ज्ञानको अभाव रहेको छ । |
| ४ | **पशुजन्य रोग** | हरेक वर्ष पालिकामा पशुहरूमा विभिन्न प्रकारका रोगहरूको प्रकोप देखिने गरेको छ । यी रोगहरूले पशुपालक किसानलाई ठुलो आर्थिक हानी पुर्याउने गरेको छ । पशुहरूमा लाग्ने रोगहरूको समयमै उपचार र रोकथाम नभएको अवस्थामा संक्रमणको जोखिम बढ्ने गर्दछ । अपर्याप्त पशु प्राविधिक तथा पशु स्वास्थ्य सेवाको कारणले किसानहरू समस्यामा पर्दै आएका छन् । पशुपालन क्षेत्रलाई सुरक्षित र उत्पादनमुखी बनाउन स्वास्थ्य सेवा विस्तार नहुँदा, नियमित खोप अभियान सञ्चालन नहुँदा, र समुदाय स्तरमा पशु रोगको पहिचान र उपचार सम्बन्धी तालिमको व्यवस्था नहुँदा पशुजन्य रोगले ठुलो क्षति गरी रहेको छ। |
| ५ | **शीतलहर** | गाउँपालिकामा हिउँदमा विशेष गरी मङ्सिरको अन्तिमदेखि माघको मध्यसम्म शीतलहरको असर देखिन्छ । यो समयमा अत्यधिक चिसोले विपन्न परिवार, तरकारी, हिउँदे बाली, र पशुपालनमा नकारात्मक असर पर्ने गरेको छ । समुदायमा शीतलहरको समयमा बाली क्षति, स्वास्थ्य समस्याहरू, र आर्थिक संकट देखिने गरेको छ । शीतलहरको समयमा समुदायलाई सुरक्षित राख्न न्यानो कपडाको अभाव तथा आगो ताप्ने व्यवस्थामा सुधार गर्नु पर्ने देखिन्छ । |
| ६ | **खडेरी** | गाउँपालिकामा पानीको मात्रा कम हुदै जानु र वर्षाको अनियमितताले गर्दा बाली उत्पादनमा गिरावट आएको किसानहरुले छलफलको कममा बताएका छन् । यसले खाद्य सुरक्षामा संकट ल्याउने सम्भावना बढाएको छ । गाउँपालिकाले खाद्य सुरक्षाको सवालमा खोला तथा गण्डक नहरको सिँचाइ प्रणालीको विस्तार र जलस्रोतको दिगो प्रयोगमा जोड नदिएको देखिन्छ । |
| ७ | **सडक दुर्घटना** | यस गाउँपालिकामा सडक दुर्घटनाको समस्या पनि बढ्दै गएको छ । सवारी तथा सडक नियमको पालना नहुदा, समयमा नै सडकको मर्मत नहुनु र स्थानीय स्तरमा सडक सचेतनाको कमीले जनधनको हानी हुने गरेको छ । कतिपय ठाउँमा सडक साँघुरो तथा बिग्रेको अवस्था भएको हुँदा तथा बनी सकेका नयाँ सडकमा युवाहरुले तीव्र गतिमा सवारी खास गरी मोटरसाईकल कुदाउदा सडक दुर्घटनाको समस्या धेरै देखिन थालेको छ । |

| | | |
|---|---|---|
| ८ | **हुरीबतास** | २०७४ को आँधीले यस क्षेत्रमा आवास तथा बालीनालीमा ठुलो क्षति पुयाएको थियो । कच्ची घरहरू, खर, जस्ता र टायलको छानो भएकाले हुरीबतासले गर्दा छानो उड्को, घर भत्किएका तथा रूख उखेलिएको जस्ता घटना भएको थिए । हुरीबतासले यस क्षेत्रका घर तथा बालीनालीमा ठुलो क्षति पुऱ्याउने गरेको छ । बालीमा पनि हुरीबाट प्रत्यक्ष प्रभाव पर्ने र उत्पादन घट्ने गरेको छ । |
| ९ | **बाढी** | गाउँपालिका भएर बग्ने तियर र थलही नदीमा आउने बाढीका कारण नजिकका वस्ती र खेत उच्च जोखिममा पर्दै आएका छन् । वर्षाको समयमा नदीको पानीले डुबान र कटान गर्दा किसानहरूको बाली नष्ट हुने र बस्तीहरू प्रभावित हुने समस्या रहेको छ । बाढी व्यवस्थापनका लागि प्रभावकारी योजना, नदी किनारामा सुरक्षा बाँध निर्माण, र विपद्को सामना गर्ने संयन्त्र नरहेको अवस्था छ । |
| १० | **डुबान** | प्रत्येक वर्ष बाढीका कारण सुवर्ण गाउँपालिकाका धेरै क्षेत्रमा डुबानको जोखिम देखिन्छ । खोलाको पानीले खेत र घर डुबाउने हुँदा बासिन्दा प्रभावित हुने गरेका छन् । खेतबालीको क्षति, घरपालुवा जनावर खतरामा पर्ने अवस्था, र जलवायु जोखिमले गर्दा जनजीवन कठिन बन्ने गरेको छ । यस पालिकामा जलनिकासको लागि सुरक्षित ठाउँको पहिचान, गाउँपालिका तथा समुदायमा विपद् व्यवस्थापन बारे क्षमता अभिवृद्धिको कार्यक्रम नहुने गरेको पाएको छ । |
| ११ | **जनावरको आतंक** | चारकोसे झाडीबाट आउने नीलगाई र बदेलहरूले खेतमा लगाईएका अन्नबालीमा ठुलो क्षति पुर्याउँदै आएको छ । नदी किनारामा रहेका अधिकांश खेतमा यी जनावरको आतंकका कारण किसानहरू आफ्नो बाली जोगाउन सकेका छैन् । जनावर नियन्त्रणको पहल नहुँदा कृषि उत्पादन घट्दै गएको छ किसानहरुले बताएका छन् । जनावरबाट बाली जोगाउन तारजालीको अभाव, नीलगाई र बदेल नियन्त्रणका उपायहरू नअपनाउदा, र वन विभागसँग समन्वय नगर्दा समस्या समाधान हुन सकेको छैन् । |

***

## २.२ सुवर्ण गाँउपालिकाको प्रकोप स्तरीकरण :

सुवर्ण गाउँपालिकालाई प्रभाव पार्ने प्रकोपलाई मध्य नजर गर्दै,गाँउपालिकाको स्थानीय विपद् व्यवस्थापन समिति तथा कार्यपालिका सदस्यहरु, बुद्धिजीविहरू, ज्येष्ठ नागरिक, स्थानीय संघ-संस्थाका प्रतिनिधी तथासरोकारवालाहरूको सहभागितामा गाँउपालिका के-कस्ता प्रकोपहरू छन् र त्यसमध्ये कुन प्रकोप मुख्य समस्याको रूपमा रहेको छ भनेर जोडी तुलना विधिबाट स्तरीकरण गरिएको छ ।

| प्रकोप | जनावरको आतंक | बाढी | डुबान | खडेरी | बालीमा लाग्ने रोग | पशुजन्य रोग | हुरीबतास | आगलागी | सडक दुर्घटना | शीतलहर |
|---|---|---|---|---|---|---|---|---|---|---|
| जनावरको आतंक | | बाढी | डुबान | जनावरको आतंक | बालीमा लाग्ने रोग | पशुजन्य रोग | हुरीबतास | आगलागी | सडक दुर्घटना | शीतलहर |
| बाढी | | | डुबान | बाढी | बालीमा लाग्ने रोग | पशुजन्य रोग | हुरीबतास | आगलागी | सडक दुर्घटना | शीतलहर |
| डुबान | | | | खडेरी | बालीमा लाग्ने रोग | पशुजन्य रोग | हुरीबतास | आगलागी | सडक दुर्घटना | शीतलहर |
| खडेरी | | | | | बालीमा लाग्ने रोग | पशुजन्य रोग | खडेरी | आगलागी | खडेरी | खडेरी |
| बालीमा लाग्ने रोग | | | | | | बालीमा लाग्ने रोग | बालीमा लाग्ने रोग | बालीमा लाग्ने रोग | बालीमा लाग्ने रोग | बालीमा लाग्ने रोग |
| पशुजन्य रोग | | | | | | | पशुजन्य रोग | आगलागी | पशुजन्य रोग | पशुजन्य रोग |
| हुरीबतास | | | | | | | | आगलागी | सडक दुर्घटना | शीतलहर |
| आगलागी | | | | | | | | | आगलागी | आगलागी |
| सडक दुर्घटना | | | | | | | | | | शीतलहर |
| शीतलहर | | | | | | | | | | |
| जम्मा अंक | १ | २ | २ | ४ | ९ | ७ | ३ | ८ | ४ | ५ |
| स्तरीकरण | आठौ | सातौ | सातौ | पाचौ | प्रथम | तेस्रो | छैठौ | दोस्रो | पाँचौ | चौथो |

सुवर्ण गाउँपालिकाको प्रकोप विश्लेषण गर्दा जनावरको आतंक, बाढी, डुबान, खडेरी, खेतीमा लाग्ने रोग, पशुजन्य रोग, हावाहुरी, आगलागी, सडक दुर्घटना, र शीतलहरको असरदेखिएका छन् । साथै, यस गाँउपालिकामा सडक दुर्घटना पनि अन्य गैर-प्राकृतिक विपद्को रूपमा हुन थालिसकेको छ। सुख्खा खडेरी, जनावरको आतंक (जस्तै नीलगाई र बदेल), र पशुजन्य रोगहरू पनि बढ्दै गएका छन्। पानीका मुहानहरू सुक्दैछन्, वर्षा कम हुँदैछ, र कहिलेकाहीँ अत्यधिक वर्षा पनि हुने गरेको छ। बेमौसमी असिनाहरू र खेतीमा लाग्ने रोगहरू पनि बढ्दै गएका छन्।

## २.३ जोखिम तथा समस्या विश्लेषण

गाउँपालिकामा देखिएका विभिन्न प्रकारका प्रकोपहरु र ती प्रकोपहरु हुनुको कारण र त्यसबाट हुने गरेका प्रभावको पहिचान गर्नआवश्यक हुन्छ । प्रकोप, जोखिमको पहिचान, प्रकोप हुने महिना र ऐतिहासिक समयरेखाको आधारमा प्रकोपको आवृत्ति र त्यसको मूल कारण तथा सम्भावित समाधानका उपायहरु के-के हुन भनेर धरातलिय हिडाई, प्रकोप प्रभावित क्षेत्रको अवलोकन, समूहसंगको छलफल, लक्षित समूह छलफल, सामुदायिक छलफल तथा जनप्रतिनीधिहरुसँगको अन्तरक्रिया मार्फतपहिचान गरिएको छ । सङ्कटासन्नता तथा क्षमता विश्लेषणका विभिन्न औजारको प्रयोगबाट प्राप्त सूचना तथा तथ्याङ्कको पुनरावलोकन, अनुगमन, परिक्षण तथा छुटेका विषय पत्ता लगाउन प्रत्येक वडाहरुमा सानो समूहमा छलफल गरिएको थियो । विपद् तथा जलवायु परिवर्तनका कारण त्यस वडाको कृषि, पशुपालन तथा खाद्य सुरक्षा, जलवायु जन्य प्रकोप हुनुका सम्भावित कारणहरु र त्यसबाट हुने गरेका असर तथा प्रभाव एवमत्यसको निराकरणका बारेमा छलफल गरी निम्नअनुसार प्रस्तुत गरिएको छ ।

| क्र.सं | समस्या अथवा प्रकोप | कारण | प्रभाव | जोखिम न्यूनिकरणका लागि पहिचान भएका उपाय |
|---|---|---|---|---|
| १ | भूकम्प | • कमजोर भौगोलिक संरचना, भूकम्प प्रतिरोधात्क घर निर्माण नगर्नु,<br>• विद्यालय तथा संरचनाहरु प्रवलिकरण नगर्नु,<br>• बहुप्रकोप तथा विपद्को जोखिम मूल्याङकन नगर्नु | • मानविय तथा भौतिक क्षति<br>• बालबालिकाको पढाईमा असर<br>• खाधान्न नष्ट तथा अभाव<br>• मनोसामाजिक समस्या हुने<br>• घर तथा अन्य भौतिक क्षति<br>• मुहान सुक्ने | • भवन संहिताका निर्माण गरी लागु गर्ने<br>• भूकम्प प्रतिरोधात्मक संरचना निर्माण<br>• खुल्ला स्थानको पहिचान<br>• भूकम्पीय जोखिमबारे सचेतना अभिवृद्धि<br>• गाउँपालिकामा रहेका घर बनाउने कालीगढहरुलाई दक्ष बनाउन उनीहरुलाई भवन संहिताबारे तालिम प्रदान गर्ने<br>• सूरक्षित आवास निर्माण |
| २ | अन्नबालीमा रोग | • विषादी तथा रसायनिक मलको अत्याधिक प्रयोग,<br>• बारम्बार एउटै जातको बाली लगाउने<br>• जलवायु परिवर्तन,<br>• बढी उत्पादनमुखी हुनु | अन्न बाली नष्ट हुनु, खाद्यान्नमा कमी, आर्थिक कमी, स्वास्थ्यमा असर, माटोको गुणस्तरमा ह्रास हुनु<br>• | • माटो परिक्षण गर्ने,<br>• प्रत्येक वडामा कृषि जेटिएको व्यवस्थापन गर्ने,<br>• आइपिएम व्यवस्थापन,<br>• जैविक विषादी मल, गोठे मल, कम्पोष्ट मलको प्रयोग गर्ने<br>• घुम्ती बाली प्रणाली अपनाउने,<br>• जलवायु परिवर्तन अनुकुलन सम्बन्धी जनचेतामूलक कार्यक्रम संचालन |
| ३ | आगलागी | • खडेरी, हावाहुरी,<br>• अव्यवस्थित बसोबास<br>• जथाभावी आगो बाल्नु<br>• आगजन्य पदार्थहरु असुरक्षित स्थान तथा बालबालिकाको पहुँच हुने ठाउँमा राख्नु | घर भित्र रहेको अन्नपात धन सम्पत्ती जलेर नष्ट हुनु, भोकमरी, घर, गोठ तथा पशुचौपायको क्षति | • जनचेतना मुलक कार्यक्रम संचालन,<br>• सिचाई व्यवस्थापन कार्यक्रम, वारुण यन्त्रको व्यवस्थापन |

| | | | | |
|---|---|---|---|---|
| | | • जनचेतनाको कमी | | |
| ४ | पशुजन्य रोग | • जलवायु परिवर्तन, अन्य जनावरहरुबाट रोग सर्नु, परजीवी तथा किरा, पशुसेवामा सिमित पहुँच, खराब सरसफाई तथा स्वच्छता, पर्याप्त पोषणको अभाव | • आर्थिक क्षति,<br>• खाद्य सुरक्षा,<br>• जनस्वास्थ्यमा प्रभाव,<br>• वातावरणीय प्रभाव,<br>• कृषि विकासमा प्रभाव | • सरसफाईमा ध्यान दिने,<br>• पोषण प्रदान गर्ने,<br>• खोप प्रर्वद्धन गर्ने,<br>• नियमित पशु स्वास्थ्य अनुगमन गर्ने,<br>• परजीवी तथा किरा नियन्त्रण गर्ने,<br>• स्वच्छता कायम राख्ने,<br>• पशु स्वास्थ्यमा पहँच पुरयाउने,<br>• किसानलाई तालिम प्रदान गर्ने,<br>• पशुजन्य रोग निगरानी गर्ने संयन्त्रलाई सुदृढीकरण गर्ने । |
| ५ | शीतलहर | • तापक्रममा गिरावट,<br>• चिसो बढ्नु | • खेतीमा असर,<br>• मानव स्वास्थ्यमा असर,<br>• पशु चौपायामा असर | • घर तथा गोठको छानो दरिलो बनाउने,<br>• टनेल तथा प्लाष्टिक खेती गर्न |
| ६ | सडक दुर्घटना | • सवारी नियमको पालना नहुदा, अपर्याप्त यातायातको व्यवस्थापन, सवारी साधन पुरानो हुनु, सडक साँघुरो हुनु तथा बिग्रनु, समयमा नै सडकको मर्मत नहुनु र स्थानीय स्तरमा सडक सम्बन्धी सचेतनाको कमि, सडकमा युवाहरुले तीब्र गतिमा सवारी चलाउनु, | • सवारी दुर्घटनामा धन र मानवीय क्षति, | • सवारी नियमको पालना<br>• दुर्घटना सम्भावित क्षेत्रहरुमा ट्राफिक चिन्हहरु स्थापना गर्ने<br>• बिग्रेका बाटोहरुको शीघ्र मर्मत तथा सम्भार,<br>• सडक काट्ने ठाउँहरुमा जेब्रा कसिंगको व्यवस्थापन<br>• सडक रेलिंग राख्ने<br>• सडकमा गति नियन्त्रणका लागि गति नियन्त्रक ढिस्को (स्पीड ब्रेकर) राख्ने,<br>• पुराना सवारी साधनहरुको नियमित जाँच र मर्मत<br>• सामुदायिक सडक सचेतना कार्यक्रम संचालन |
| ७ | खडेरी | • तापक्रममा वृद्धि<br>• जनचेतनाको कमि<br>• वन फडानी,<br>• जलवायू परिवर्तन,<br>• खुल्ला चरिचरण,<br>• धुँवा धुलोमा वृद्धि<br>• वनजंगल फँडानी पानीको मुहानहरु सुक्दै जानु, | • तापक्रममा बृद्धि,<br>• डढेलो तथा आगलागीमा वृद्धि,<br>• खानेपानीको समस्या,<br>• कृषि पेशामा ह्रास,<br>• सिंचाईको समस्या,<br>• अन्न उत्पादनमा कमि,<br>• पानीको मुहान सुक्नु,<br>• रोग व्याधी बढनु, | • बृक्षारोपण, सिँचाईको व्यवस्थापन,<br>• पानीको मुहान संरक्षण, सिँचाई कुलो निर्माणका साथै सरसफाई,<br>• प्लाष्टिक पोखरी निर्माण, सिमेन्टको पोखरी निर्माण,<br>• पानीघैटो निर्माण,<br>• आकाशे पानी संकलन |

| | | | | |
|---|---|---|---|---|
| | | | • खाद्यान्नको अभाव,<br>• जिविकोपार्जनको समस्या,<br>• कृषि पेशा छाडी अन्य पेशा अपनाउन थाल्नु | |
| ८ | हुरीबतास | • जलवायु परिर्वतनको असर, वायुमण्डलीय प्रभाव | • अन्न बाली ढलेर नष्ट हुनु,<br>• उत्पादनमा कमी,<br>• भौतिक क्षति | • घर बनाउदा बलियो बनाउने,<br>• होचो जातको बिउ लगाउने,<br>• जनचेतना कार्यक्रम संचालन गर्ने |
| ९ | बाढी | • खोला किनार नजिक घर र बस्ती हुनु<br>• जोखिम स्थानमा तटबन्ध नहुनु<br>• खोला छेउछाउमा अव्यवस्थित बसोबास<br>• कमजोर पर्खाल बनाउनु<br>• वृक्षारोपणमा कमी<br>• बाढी सम्बन्धी जनचेतनाको अभाव<br>• बाढीबाट जोगिन पूर्वतयारी नहुनु<br>• गरिब तथा सुकुम्वासी आवास व्यवस्थित नहुनु<br>• दिर्घकालीन योजना नबनाउनु<br>• खुल्ला चरिचरण हुनु | • मानवीय क्षति हुनु<br>• बालबालिकाको पढाईमा असर<br>• खानेकुरा तथा लुगाफाटाको अभाव<br>• मनोसामाजिक समस्या हुने<br>• खानेपानीको अभाव<br>• जमीन कटान हुनु<br>• आवास तथा अन्य भौतिक क्षति हुनु | • खोला किनार नजिक बस्ती बसाउन नदिने<br>• जोखिम स्थानमा तटबन्ध लगाउने<br>• जोखिम स्थानमा स्थानीय रुपमा हुने विरुवाहरु रोप्ने<br>• जोखिम स्थानमा बस्ती तथा घर बस्न नदिन नीति बनाउने<br>• खोला छेउमा भएको बसोबास व्यवस्थित गर्ने<br>• जनचेतनामुलक कार्यक्रम संचालन गर्ने<br>• वृक्षारोपण गर्ने<br>• खोला नियन्त्रणका लागि दिर्घकालीन योजना बनाउने<br>• चरीचरणमा रोक लगाई त्यसलाई व्यवस्थित गर्ने |
| १० | जनावरको आतंक (जस्तै नीलगाई र बदेल) | • वनजगंलको छेउमा बस्ती बस्नाले<br>• जंगल छेउमा खेती लगाउनु<br>• जंगली फलफुलको र खाद्दान्नको कमी | • भौतिक, आर्थिक,<br>• खेतीबारी क्षति<br>• खाद्यान्नमा कमि,<br>• भोकमरी,<br>• अन्न बाली, धान, मकै लगायतका अन्य बाली नोक्सान हुनु | • राहत कोषको व्यवस्थापन गर्ने, वन्यजन्तु व्यवस्थापनमा नीति नियम बनाउने,<br>• वन्यजन्तुले नखाने बाली तथा खेती प्रविधि अपनाउने,<br>• वन्यजन्तु नियन्त्रणका लागि योजना बनाउनु पर्ने<br>• जंगल छेउछाउ बस्ती बसाउन रोक लगाउने<br>• खेती योग्य जमिन छेउछाउ तारबार लगाउने |

## २.४समुदाय तथा वडाहरूको सङ्कटासन्नता तथा क्षमता विश्लेषण

**सङ्कटासन्नता स्तरीकरण :** विगतको ३० वर्षको समय रेखाबाट आएको सूचनाको आधारमा क्षति विश्लेषण गरी त्यबाट प्राप्त अङ्कभारलाई जोडेर समुदाय र वडाको उच्च, मध्यम र न्यून गरी तीन वर्गमा निम्नअनुसार सङ्कटासन्नता स्तरीकरण गरिएको छ ।

| वडा नं | मानवीय क्षति | प्रभावित परिवार | घरको क्षति | आर्थिक क्षति | खेतीयोग्य भूमि र वनक्षेत्रको क्षति | सामाजिक क्षति | विगतमा भएका विपद्का घटनाक्रम | वाली लगाउने वा भित्राउने समयमा आएको परिवर्तन | तापक्रममा आएको परिवर्तन | जोखिमले भविष्यमा पार्न सक्ने असर | स्रोतको उपलब्धता तथा पहुँच | संस्थागत क्षमता | जनसंख्याको विश्लेषण | स्थानीय ज्ञान, सीप, क्षमता र प्रविधि | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | १ | १ | ३ | ३ | १ | २ | ३ | २ | २ | ३ | २ | २ | २ | २९ |
| २ | २ | १ | २ | ३ | १ | १ | २ | ३ | २ | २ | ३ | २ | २ | २ | २८ |
| ३ | २ | १ | १ | ३ | १ | १ | २ | ३ | २ | २ | ३ | २ | २ | २ | २७ |
| ४ | २ | ३ | ३ | ३ | ३ | १ | ३ | ३ | २ | २ | ३ | २ | २ | २ | ३४ |
| ५ | २ | २ | ३ | ३ | १ | १ | ३ | ३ | २ | २ | ३ | २ | २ | २ | ३१ |
| ६ | २ | १ | २ | २ | २ | १ | २ | ३ | २ | २ | ३ | २ | २ | २ | २८ |
| ७ | २ | १ | २ | ३ | २ | १ | २ | ३ | २ | २ | ३ | २ | २ | २ | २९ |
| ८ | २ | ३ | ३ | ३ | १ | १ | २ | ३ | २ | २ | ३ | २ | २ | २ | ३१ |

### अङ्कभारअनुसारको सङ्कटासन्न वर्गीकरण

| क्र.सं | अङ्कभार | रंगको सन्देश | स्तर |
|---|---|---|---|
| १ | ३८ भन्दा माथी अङ्कभार | उच्च | उच्च सङ्कटासन्न |
| २ | २४ देखि ३८ अङ्कभार सम्म | मध्यम | मध्यम सङ्कटासन्न |
| ३ | २३ भन्दा कम अङ्कभार | न्यून | न्यून सङ्कटासन्न |

### वडा अनुसार सङ्कटासन्न वर्गीकरण

| वडा नं. | उच्च सङ्कटासन्न ३८ भन्दा माथी अङ्कभार | मध्यम सङ्कटासन्न (२४ देखि ३८ अङ्कभार सम्म ) | न्यून सङ्कटासन्न २३ भन्दा कम अङ्कभार | कैफियत |
|---|---|---|---|---|
| १ | | २९ | | |
| २ | | २८ | | |
| ३ | | २७ | | |
| ४ | | ३४ | | |
| ५ | | ३१ | | |
| ६ | | २८ | | |
| ७ | | २९ | | |
| ८ | | ३१ | | |

सुवर्ण गाउँपालिका भित्रको वडामा रहेका उच्च सङ्कटासन्न टोलहरु

| प्रकोप | उच्च सङ्कटासन्न टोलहरु | कैफियत |
|---|---|---|
| **वडा नं.१ को उच्च सङ्कटासन्न टोलहरु** (वडाबाट उपलब्ध जानकारी अनुसार) | | |
| बाढी | चरमोहना, बगही | |
| डुबान | चरमोहना, बगही | |
| नदि कटान | चरमोहना, बगही | |
| जनावरको आतंक | चरमोहना, बगही, कुम्म टोली, शोलकपुर, चमटोली | |
| आगलागि | चरमोहना | |
| **वडा नं.२ को उच्च सङ्कटासन्न टोलहरु** | | |
| बाढी | कवही, नैका टोला ,इटाही | |
| आगलागि | दक्षिण कवही,कवही, नैका टोल,धुसुकपुर | |
| खेतिबालीमा लाग्ने रोग | दक्षिण कवही, कवही,नैका,टोला,इटाही, धुसुकपुर | |
| डुबान | कवही,इटाही | |
| नदि कटान | चरमोहना, शोलकपुर, बगही, पञ्चगछिया,जमुनिया | |
| **वडा नं.३ को उच्च सङ्कटासन्न टोलहरु** | | |
| बाढी | आधा चरमोहना | |
| डुबान | आधा चरमोहना | |
| नदि कटान | आधा चरमोहना | |
| जनावरको आतंक | आधा चरमोहना | |
| **वडा नं.४ को उच्च सङ्कटासन्न टोलहरु** | | |
| बाढी | सानो हर्दिया, ठूलो हर्दिया | |
| आगलागी | खिखिरिया, सानो हर्दिया, ठूलो हर्दिया | |
| जनावरको आतंक | सानो हर्दिया, ठूलो हर्दिया, खिखिरिया | नीलगाई, बदेल |
| सडक दुर्घटना | ठूलो हर्दिया | |
| **वडा नं.५ को उच्च सङ्कटासन्न टोलहरु** | | |
| आगलागी | औरिया, पर्शुरामपुर | |
| बाढी | औरेया | |
| **वडा नं.६ को उच्च सङ्कटासन्न टोलहरु** | | |
| आगलागी | मुसहर्ना, धर्मपुर | |
| बाढी | मुसहर्ना, मझहरिया, धर्मपुर | |
| डुबान | मुसहर्ना, मझहरिया, धर्मपुर | |
| **वडा नं.७ को उच्च सङ्कटासन्न टोलहरु** | | |
| डुबान | समफुलवा | |
| आगलागी | चौरहिया | |
| **वडा नं.८ को उच्च सङ्कटासन्न टोलहरु** | | |
| आगलागी | भिस्वा | |
| सडक दुर्घटना | पर्शुरामपुर, भिस्वा | |

## २.५ गाउँपालिकाको क्षमता विश्लेषण :

यस सुवर्ण गाउँपालिकामा स्थानीय विपद् व्यवस्थापन समिति रहेको छ । यसको गठनले पालिका तथा समुदायलाई विपद्सँग सामना गर्ने क्षमताको विकासमा सहयोग गर्नेछ । स्थानिय विपद् व्यवस्थापन समिति संगै वडा स्तरमा पनिवडा विपद् व्यवस्थापन समिति गठन गरी उक्त समितीहरुलाई विपद् सम्बन्धी विभिन्न तालिमहरु प्रदान गर्दै तिनीहरुको ज्ञान, सिप र क्षमताको विकास गर्नु जरुरी छ ।

यस गाउँपालिकामा कार्यरत वडा कार्यालयहरु, स्वास्थ्य चौकी, रेडक्रस,प्रहरी चौकी, विद्यालयहरु, बैंक तथा वित्तीय संस्थाहरु, सरकारी तथाजनजागरण युवा क्लब, बारा र ईस्लामिक रिलिफ नेपाल आदि जस्ता स्थानीय र अन्तर्राष्ट्रिय गैह्र सरकारी निकायहरुको उपस्थिती पनिगाउँपालिकाको क्षमता हो ।

गाउँपालिकामा अवस्थित सशस्त्र प्रहरी बलका तालिम प्राप्त मानवीय श्रोतलाई विपद् पुर्वतयारी तथा आपातकालिन प्रतिकार्यमा प्रयोग गर्न सकिने अवस्था रहेको छ ।गाउँपालिकासँग १ थान नयाँ अग्नीशमन ट्रक, ५ जना तालिम प्राप्त अग्नी नियन्त्रकहरु तथा ७ जना नगर प्रहरीहरु रहेको छ । यसको अतिरिक्त गाउँपालिका संग ३ वटा ट्रयाक्टरहरु, १ वटा नगर प्रहरी जीप, १ वटा स्काभेटर र १ वटा एम्बुलेन्स पनि रहेको छ । गाउँपालिकाले २०८०/८१ को बजेटमा बिपद व्यवस्थापनमा रु. १ लाख तथा राहत, उद्धार र पुनस्थापनाका लागि ५ लाख रकम विनियोजन गरेको छ । यो रकम थोरै भएता पनि यसले विपद् व्यवस्थापनमा केहि काम सम्पादन त होला ।

यस गाउँपालिकामा कार्यरत विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरूले यस क्षेत्रमा विपद् जोखिम न्यूनीकरण र समुदायको क्षमता तथा उत्थानशीलता बढाउने कामहरू गरिरहेका छन् । यस गाउँपालिकामा रहेका विभिन्न राजनीतिक दल तथा समुहहरू, महिला समुह, विभिन्न बचत समुह तथा कृषि समुहहरू, गाउँपालिका भित्रका युवा तथा बाल क्लवहरू यस गाउँपालिकाको क्षमता हो । यसैगरी यस गाउँपालिकामा रहेका शिक्षक तथा स्वास्थ्य क्षेत्रमा कार्यरत ठुला जनशक्ति पनि छन् जसको ज्ञान तथा सीपलाई विपद् व्यवस्थापनका साथै विपद् प्रतिकार्यमा प्रयोग गर्न सकिन्छ । गाउँपालिकामा २३ सामुदायिक, ३ मा.वि, ३ आधारभुत र १७ प्रा.वि सहित जम्मा ४६ वटा विद्यालयहरु रहेका छन् । त्यसै गरी यस गाउँपालिका भित्र ८ वटा स्वास्थ्य संस्थाहरुले (२ वटा प्राथमिक स्वास्थ्य केन्द्ररु समेत) ८ वटा भवनहरुबाट आफनो सेवा दिईरहेका छन् । ती स्वास्थ्य संस्थाहरुका ३१ जना मध्ये ११ स्वास्थकर्मीहरु आधारभूत आपात्कालिन स्वास्थ्य र विपद् व्यवस्थापनमा तालिम प्राप्त छन् र सबै जसो स्वास्थ्य भवनहरु सुरक्षित स्थानहरुमा रहेका छन् । यस गाउँपालिकामा ४ वटा सार्वजनिक शौचालयहरु रहेका छन् र सुरक्षित र ब्यवस्थित रहेका छन् । गाउँपालिकामा४७ जना सामुदायिक स्वास्थ्य महिला स्वयंसेविकाहरुले समुदाय स्तरमा आफनो सेवा दिई रहेका छन् र यो पनि गाउँपालिकाको क्षमता नै हो ।

विभिन्न किसिमको सामदायिक भेला गर्ने प्रायोजनका लागि ७ वटा सामुदायिक भवनहरु तथा ८ वटा पाटी पौवा रहेको छ ।यस गाउँपालिका भित्र सञ्चारसाधनको रुपमाएन.टि.सी र एनसेलका गरी५ वटा टावरहरु रहेको छ।गाउँपालिकामा१२ वटा सार्वजनिक ताल तथा ४१ वटा निजी गरी ५३ वटा ताल रहेको छ र यसले गाउँपालिका माछा उत्पादनमा आत्मनिर्भर रहेको र गाउँपालिकामा पैसा भित्रिने एक प्रमुख व्यवसाय रहेको पनि दर्शाउछ । यहाँ प्लाई फयाक्टी, काठ चिरान, चामल मिल, सेलर मिल, डेरी, धान कुटने तथा गहु पिस्ने जस्ता ३१ वटा विभिन्न किसिमका कल कारखाना तथा उद्योगहरु रहेका छन्।

२८

यसका साथै यस गाउँपालिका भित्रका खुल्ला क्षेत्रहरू, पानीको स्रोतहरु तथा मुहानलाई पनि क्षमता मान्न सकिन्छ। यस गाउँपालिकामा विभिन्न क्षेत्रहरूमा पहुँच प्राप्त भएका विभिन्न समुदायका व्यक्तिहरू यस गाउँपालिकाका क्षमता हुन्। यस गाउँपालिकामा रहेका सिकर्मी तथा डकर्मीहरूले स्थानीय सीप र आफ्नै क्षमता र दक्षताको आधारमा काम गर्ने गरेका छन् उनीहरूमा भूकम्प प्रतिरोधी संरचना निर्माण गर्ने सीप तथा क्षमताको विकास गर्नु पर्ने देखिन्छ। यसैगरी यहाँ भएका दक्ष जनशक्तिको रुपमा तालिम प्राप्त सामुदायिक महिला स्वास्थ्य कार्यकर्ता, तालिम प्राप्त कृषि प्राविधिक, शिक्षक, कर्मचारी, स्वयंसेवक, सिकर्मी, डकर्मीहरुको सीप विपदका बेला प्रयोग गर्न सकिन्छ, त्यसैले यी सबै गाउँपालिकाको क्षमता हो।

## २.६ जोखिम पहिचान तथा विश्लेषण

यस सुवर्ण गाउँपालिकामा जोखिम पहिचान तथा विश्लेषण सङ्कटासन्नता र क्षमता बिचको भिन्नतालाई दाँजेर गरेर हेर्ने हो भने यस गाउँपालिकामा विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनको क्षेत्रमा अनगिनत कार्यहरु गर्नुपर्ने देखिन्छ। यस सुवर्ण गाउँपालिकामा बालीमा लाग्ने रोग, आगलागी, पशुजन्य रोग, शीतलहर, सडक दुर्घटना, जनावरको आतंक(जस्तै नीलगाई र बदेल), बाढी, डुबान, खडेरी,हावाहुरी जस्ता प्रकोपको जोखिम रहेको छ। यसर्थ यस्ता प्रकोपहरुले ल्याउन सक्ने विपदबाट समुदायलाई सुरक्षित बनाउन सचेतनाका कार्यहरुसँगै पूर्वतयारीका गतिविधीहरुमा समेत जोड दिनु पर्ने देखिन्छ।

यसैगरी यस गाउँपालिकामा सुख्खा खडेरीको क्रमहरु बढ्दै गएको, जमीन मुनीको पानीका तह तल जादै गरेको, पानी कम पर्ने गरेको तथा पर्दा पनि अत्याधिक पर्ने गरेको, बेमौसमी असिनाहरु पर्ने, फलफुल तथा तरकारीहरुमा किरा बढी लाग्ने गरेको जस्ता विभिन्न जलवायु जन्य समस्या पनि देखिएको छ।

आपत्कालिन अवस्थाका लागि सुवर्ण गाउँपालिकामा रहेका सुरक्षित तथा खुल्ला स्थानको पहिचान तथा संरक्षण र समुदायमा जानकारी गराउनु आवश्यक देखिन्छ। यस गाउँपालिकामा देखिएका विपद् ल्याउने मुख्य प्रकापेहरुमाबालीमा लाग्ने रोग, आगलागी, पशुजन्य रोग, शीतलहर, सडक दुर्घटना, जनावरको आतंक(जस्तै नीलगाई र बदेल), बाढी, डुबान, खडेरी,हावाहुरी रहेको छ र यस्ता प्रकोपको प्रभाव र असरलाई सम्बोधन गर्न उपयुक्तन्यूनीकरणका कार्यक्रमहरु संचालन गर्नु पर्ने देखिन्छ। यसका साथै समुदायमा विपद् जोखिम न्यूनीकरणका बारेमा तल्लो तहका बिपन्न समुदायहरुलाई विभिन्न प्रकारका जानकारीहरु प्रदान गर्नुपर्ने देखिन्छ। गाउँपालिकामा आगलागी दोश्रो प्रमुख प्रकोपको रुपमा स्थापित भएको अवस्थामा आगलागीका कारण तथा यसबाट बच्न गरिनु पर्ने उपायहरु बारे समुदायलाई अभिमुखिकरण गर्न जरुरी देखिन्छ साथै विधुतिय तारबाट पनि आगलागीको घटना भएको कुरा छलफलमा आएको सन्दर्भमा पालिकाले यस्ता स्थानहरुको पहिचान गरी उक्त समस्याको समाधान गर्नु पर्ने देखिन्छ।

गाउँपालिकामा रहेका विद्यालयका विद्यालय व्यवस्थापन समिती, शिक्षक तथा विद्यार्थी तथा स्वास्थ्यकर्मीहरुलाई पनि पालिकामा पहिचान गरिएका प्रकोपले ल्याउन सक्ने विपद्संग सामना गर्न उनीहरुलाई बेला बखतमा विपद्संग सम्वन्धित अभिमुखिकरण तथा कृत्रिम घट्ना अभ्यास जस्ता कियाकलाहरु पनि संचालन गर्न जरुरी देखिन्छ।

यस सुवर्ण गाउँपालिकामा रहेका विभिन्न सरकारी, गैर सरकारी, निजी संघसस्थाहरू तथा विभिन्न महिला समुह, युवा क्लव बाल क्लवहरू, विद्यालयहरू आदि रहेका छन् तर ती संस्था तथा समुहहरूसँग विपद् पहिले तथा विपद्को समयमा समुदायले कसरी सहकार्य गर्न सक्छन् भन्ने कुरामा पनि समुदायमा प्रयाप्त ज्ञान हुनु जरूरी देखिन्छ। साथै यस गाउँपालिकामा रहेका विभिन्न क्षेत्रसँग पहुँच भएका राजनैतिक दल तथा सरोकारवाला, महिला स्वास्थ्य स्वंयम्

सेविका, सिकर्मी, डकर्मी तालिम प्राप्त निर्माण कर्मीहरू लगायत युवा शक्तिहरूमा विपद् सम्बन्धी पनि उचित ज्ञान सीप तथा क्षमताको विकास गरिनु जरूरी छ ।

यस सुवर्ण गाउँपालिकामा संघीय सरकारबाट जारी निर्देशिका अनुसार स्थानीय विपद् व्यवस्थापन समिति गठन भएको छ र यस्का साथै वडा स्तरीय विपद् व्यवस्थापन समितिहरु र समुदाय स्तरीय बिपद् व्यवस्थापन समितीहरु गठन गरी यी समितिहरुलाई विपद् व्यवस्थापन सम्बन्धी निरन्तर तालिम तथा ज्ञान, सिप, क्षमताको विकास गर्नुका साथै यिनीहरुलाई चलायमान पनि बनाउन पनि जरुरी छ । यसैगरी यस गाउँलिकामा विभिन्न कार्यदलहरू: पूर्व सूचना तथा सञ्चार, खोज तथा उद्धार, प्राथमिक उपचार, आपत्कालिन शिविर व्यवस्थापन र खानेपानी, सरसफाई तथा स्वच्छता व्यवस्थापन जस्ता कार्यदलहरू गठन गरी ती कार्यदललाई विभिन्न तालिम तथा आपत्कालिन खोज तथा उद्धार सामाग्रीको व्यवस्थापन गरी समितिको क्षमता अभिवृद्धि गर्नु पर्ने देखिन्छ । कुनै पनि विपदमा पहिलो सहभागिता तथा पहुँच समुदायकै हुने हुदा यसै कुरालाई मध्य नजर गर्दै यस गाउपालिकामा बहप्रकोपसंग जुध्नका लागि मानवीय, आर्थिक, भौतिक श्रोत साधनको विकास गरी यस सुवर्ण गाउँपालिकालाई विपद् उत्थानशील गाउँपालिकाको रुपमा स्थापित गर्नु जरुरी देखिन्छ ।

यस्का साथै गाउँपालिकाले विपद् व्यवस्थापनको लागि विपद् जोखिम व्यवस्थापन मार्गचित्र निर्माणको साथै स्थानीय विपद् जोखिम व्यवस्थापनका लागि संघीय सरकारले तोके बमोजिम आवश्यक र अपरिहार्य ऐन कानून अनि नीति तथा रणनैतिक योजनाहरु (जस्तैः स्थानीय विपद् व्यवस्थापन ऐन, निर्देशिका, विपद् जोखिम् न्यूनीकरण नीति तथा स्थानीय विपद् जोखिम् न्यूनीकरण रणनैतिक योजनाहरु, संक्षिप्त वातावरणीय प्रभाव मुल्यांकन कार्यविधी) पनि बनाउन आवश्यक देखिन्छ । माथि उल्लेखित ऐन, कानून सम्बन्धी दस्तावेजहरु नभएको खण्डमा विपद् व्यवस्थापनको निम्ती गरिएका कुनै पनि कियाकलापहरु कानून सम्मत नहुने हुँदा यसले पालिकाको लागि बिभिन्न प्रकारका कानूनी अड्चनहरु पैदा गर्न सक्छ । यो गाउँपालिका मुख्य राजमार्ग देखि टाढा भएकोले आवश्यक तथा प्रमुख सुविधाहरुबाट आंशिक रुपमा बंचित रहेको देखिन्छ अझ भनौ कहि कदाचित महाविपद भएको अवस्थामा विपद् जोखिम व्यवस्थापन र आपात्कालिन प्रतिकार्यको लागि सदरमुकाम कलैया अथवा जिल्ला माथि नै भर पर्नु पर्ने देखिन्छ । खास गरी बाढी प्रतिकार्यको लागि आवश्यक खोज तथा उद्दारका सामाग्रीहरुको चरम अभाव यो गाउँपालिकामा देखिन्छ । आगलागीकै संदर्भमा यो यस गाउँपालिकाको प्रमुख प्रकोपको रुपमा पहिचान भएको अवस्थामा हाल पालिकामा ८ वटा वडाहरु भएको परिप्रेक्ष्यमा यहाँ एउटा मात्र अग्नीशमन ट्रक अर्थात बारुण यन्त्र रहेको र केही गरी एक साथ केहि स्थानहरुमा आगलागी भई हाले पालिकाले ब्यापक धनजनको नोक्सानी बेहोर्नु पर्ने देखिन्छ । साथै अग्नी नियन्त्रक र नगर प्रहरीहरुको संख्यामा वृद्धि गरी उनीहरुलाई आवधिक रुपमा अग्नी नियन्त्रण सम्बन्धी नवीन प्रविधीहरुको बारेमा ज्ञानहरु प्रशिक्षण मार्फत निरन्तर प्रदान गरी रहनु पर्ने देखिन्छ ।

गाउँपालिकाले विपद् व्यवस्थापनको लागि बनेको नीतिलाई अवलम्बन गर्दै निर्माण भएको बिभिन्न योजनालाई कार्यान्वयन गराउने जिम्मेवार निकाय समेत खडा गरी र सो संबन्धित कियाकलापहरु पनि संचालन गर्न आवश्यक देखिन्छ । यसका साथै गाउँपालिकाले जोखिम संवेदनशील भुउपयोग नीति तथा योजना पनि निर्माण गर्नु पर्ने देखिन्छ । यसबाट गाउँपालिकाले आफनो क्षेत्रको जग्गा र जमिनलाई वैज्ञानिक तरिकाले विभिन्न क्षेत्रमा विभाजन गर्दा (जस्तैः बिपदको नजरले संवेदनशीलको पहिचान गरेमा पालिकाको आगामी बजेटमा बिपद् न्यूनीकरणका योजना ल्याउदा प्रभावित जनताहरु लाभान्वित हुने) जग्गा जमिनको सही सदुपयोग गर्न सकिन्छ । गाउँपालिकामा हुने भौतिक पुर्वाधार निर्माणकार्यलाई प्रभावकारी बनाउन भवन आचार संयिताको निर्माण र कार्यन्वयन गर्न र आवश्यक अनुगमन गर्ने

संयन्त्र पनि बनाउन जरुरी देखिन्छ यद्यपी राष्ट्रिय भवन संहिता नगरपालिकाहरुमा मात्र लागु रहेको छ तर सुवर्ण गाउँपालिकापनि द्रुत गतिमा नगरोन्मुख हुदै गईरहेको परिप्रेक्ष्यमा आगामी दिनहरुमा हुने अवस्थालाई मनन गरी भवन संयिताको निर्माण र लागु गरेको खण्डमा यसले भुकम्पीय जोखिम न्यूनीकरणमा एउटा आयाम थप्ने काम हुने छ। सुवर्ण गाउँपालिकामा जनावरको आक्रमणबाट पनि धेरै बालीहरु बर्षेनी नष्ट भईरहेको अवस्थामा पालिकाले संघीय सरकारबाट पारित वन्यजन्तुबाट अप्रत्यासित रुपमा हुने क्षतिको राहत सहयोग सम्बन्धी निर्देशिका, २०६९ (तेश्रो संसोधन, २०७५) लाई पनि अनुमोदन गरी कार्यावयन गर्न जरुरी देखिन्छ। यसका साथै विपद् व्यवस्थापन समितिलाई सक्षम बनाउन तथा सरल र सहज रुपमा विपद् प्रतिकार्यका लागि स्थानीय आपत्‌कालिन कोषको स्थापना गरिएको भएता पनि उक्त कोष संचालनका लागि पालिकामा विपद् कोष संचालन र राहत वितरण सम्बन्धी कार्यविधीको निमार्ण गरी त्यसलाई कार्यान्वयन गर्न सके विपद् व्यवस्थापनको प्रभावकारिता बढ्ने देखिन्छ र बिना कार्यविधी गरिएको खर्चलाई बेरुजुमा जान समेतबाट रोक्न सकिन्छ। यसै परिप्रेक्ष्यमा आर्थिक वर्ष २०८०/८१ को बजेटमा विपद् व्यवस्थापनको हकमा मात्र एक लाख विनियोजन गरिनाले गाउँपालिकाले यो विषयलाई त्यति गम्भीरताले नलिएको होकि भन्ने भान हुन आउँछ र आगामी दिनहरुमा विपद् व्यवस्थापनको सवाललाई गम्भीरताले मनन गर्दै यस विषयमा रकम विनियोजनमा वृद्धि गर्नु पर्ने देखिन्छ।

यसका साथै विपद् प्रतिकार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न संघीय सरकारको निर्देशन अनुसार विपद प्रतिकार्यलाई प्रभावकारी बनाउन स्थानीय तहहरुमा स्थानीय आपातकालिन कार्यसंचालन केन्द (LEOC)कोस्थापना गर्न र त्यसका लागि संघीय सरकारबाट सबै स्थानीय तहहरुलाई जारी आपातकालिन कार्य संचालन केन्द्र, कार्यसंचालन विधी, २०७४ (Standard Operating Procedure for Local Emergency Operation Center)लाई पारित गरी कार्यान्वयनमा ल्याउन जरुरी देखिन्छ। समुदाय स्तरको कुरा गर्दा सुवर्ण गाउँपालिकाको अधिकांश क्षेत्रहरुमा बालीमा लाग्ने रोगहरु, आगलागी, पशुजन्य रोग तथा बाढी पश्चात डुबान, कटानमा पर्ने भएकोले ती क्षेत्रहरुमा वा आसपास बसोबास गर्ने समुदायहरुको पहिचान गरी अति प्रभावित क्षेत्रहरुमा प्रमुख प्रकोपको प्रभावबाट उनीहरुलाई सुरक्षित राख्न प्राथमिकताको आधारमा उपयुक्त कार्यकमहरु निमार्ण गरी लागु गर्न आवश्यक देखिन्छ।

***

# खण्ड - ३ : दिर्घकालिन सोच, परिदृश्य, लक्ष्य, नीति तथा रणनीति

## ३.१ दिर्घकालिन सोंच

विपद् जोखिम न्यूनीकरण तथा जलवायुजन्य जोखिम व्यवस्थापनका कार्यलाई संस्थागत गरी विपद् उत्थानशील समुदायको निर्माण गर्ने यस योजनाको दिर्घकालिन सोंच रहेको छ ।

## ३.२ परिदृश्य

विपद् जोखिम न्यूनीकरणका तथा जलवायुजन्य जोखिम ब्यवस्थापनका क्रियाकलापहरुमा समुदायको अधिकतम सहभागिता मार्फत हरेक समुदायको विपद् तथा जलबायु उत्थानशील योजना निर्माण गर्दै कार्यान्वयन गर्ने र विपद्बाट हुने मानवीय, सामाजिक, आर्थिक, भौतिक तथा जीविकोपार्जनका साधनहरुमा हुने क्षतिमा कम गर्दै समुदायको उत्थानशीलतालाई सुदृढ गर्नु यस निर्देशिकाको परिदृश्य हुनेछ ।

## ३.३. ध्येय:

विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलनका कार्यलाई आवधिक र वार्षिक विकास योजनामार्फत् विषयगत विकास योजनामा समाहित गर्दै विपद्का समयमा मानवीय सेवालाई प्रभावकारी बनाएर गाउँपालिकाको उत्थानशीलता अभिवृद्धि गर्नु यस योजनाको ध्येय रहेको छ ।

## ३.४ लक्ष्य

गाउँपालिका रहेको विपद्को सङ्कटासन्नता, जोखिम र क्षमता विश्लेषण गर्ने र सोही बमोजिम विपद् तथा जलवायुजन्य जोखिम व्यवस्थापनका कार्यक्रमहरुलाई प्राथमिकीकरण गर्दै स्थानीय विकास प्रक्रियामा मुलप्रवाहीकरण गरी विपद् तथा जलवायु उत्थानशील समुदायको निर्माण गर्न योगदान पु-याउन् रहेका छ ।

## ३.५ उद्देश्य

यस गाउँपालिकामा उपलब्ध स्रोत, साधन, सीप र ज्ञानको अधिकतम उपयोग गर्दै विपद् तथा जलवायु उत्थानशील क्रियाकलापलाई विकास योजनामा मूलप्रवाहीकरण गर्ने आधार तयार गर्नु यस योजनाको मूल उद्देश्य रहनेछ । यस योजनाका पूरक उद्देश्य निम्नअनुसार छन् :

- जलवायु परिवर्तनको प्रतिकूल प्रभावको सामना क्षमता विकास गर्नु,
- गाउँपालिकामा विद्यमान रहेका विपद्जन्य सङ्कटासन्नता र जोखिम कम गरी सुरक्षित समुदायको विकास गर्नु,
- समुदायमा रहेको विपद्जन्य सङ्कटासन्नता र जोखिम व्यवस्थापनका लागि गाउँपालिकाबाट तयार तथा कार्यान्वयन हुने विकास योजनामा सम्भावित जोखिम न्यूनीकरणका लागि कार्यक्रममा र बजेटको व्यवस्थापन सुनिश्चित गरी विपद् तथा जलवायुजन्य जोखिम न्यूनीकरणका कार्यलाई सुनिश्चित गर्नु,
- सम्भावित विपदबाट बच्ने उपायहरूको खोजी गरी आवश्यक पूर्वतयारी गर्नु,
- विपद्मा परेका व्यक्ति, परिवार र समुदायलाई तत्काल उद्धार गरी मानवीय सेवा प्रदान गर्न स्थानीय स्तरमा भएका साधन-स्रोतको उचित रूपमा उपयोग गर्दै संघीय सरकार, प्रदेश सरकार, जिसस र जिल्ला विपद् व्यवस्थापन समितिबाट सहयोग लिएर प्रभावित परिवारलाई सहयोग उपलब्ध गराउनु ।
- स्थानीय तहका नीति तथा विकास कार्यक्रममा सबै क्षेत्र र वर्ग (महिला , बालबालिका, ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्तिहरू, दलित, आदिवासी, जनजाति, प्रकोप प्रभावित, जलवायुजन्य प्रभावित वा

सङ्कटासन्न समुदाय तथा व्यक्तिहरू, मधेसी, मुस्लिमजस्ता वर्ग एवं नेपाल सरकारले लक्षित समूह भनी परिभाषित गरेका वर्गको समानुपातिक सहभागिता सुनिश्चित गरी विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलनलाई संस्थागत गर्न मार्ग प्रशस्त गर्नु ।

## ३.६ योजनाको आवश्यकता तथा महत्व

विपद् तथा जलवायु उत्थानशील योजना आफैँमा विकास योजना होइन । यस योजनाले गाउँपालिकाका सङ्टासन्न र जोखिममा रहेका समुदाय केन्द्रित रहेर समग्र विकासलाई दिगो, भरपर्दो, विपदबाट सुरक्षित बनाउँदै जलवायु परिवर्तनको प्रभावको सामना गर्न समेत महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ । त्यसैले यस योजनाका महत्व निम्नअनुसार रहेका छन् :

- यस योजनाले विपद् पहिले गर्नु पर्ने जोखिम व्यवस्थापन तथा न्यूनीकरण र विपद् पूर्वतयारीका कार्य सुनिश्चित गर्ने हुँदा विपद्का कारण हुने क्षतिलाई कम गर्न मार्गनिर्देश गर्दछ ।
- गाउँपालिकाको वार्षिक योजनामा विपद् जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलन सम्बन्धी कार्यक्रम समावेश गर्न र बजेट विनियोजन गर्न प्रेरित गर्दछ ।
- जलवायु परिवर्तनका कारण समुदायका जीविकोपार्जनका सम्पत्तिमा पर्न सक्ने प्रतिकूल प्रभावको पहिचान गरी त्यस्ता प्रभाव कम गर्न वा सामना गर्ने विकल्पको खोजी गरी उत्थानशीलता अभिवृद्धिको मार्ग प्रशस्त गर्नेछ ।
- विपद् र जलवायु परिवर्तनबाट जीवन, जीविकोपार्जन र विकासका विषयगत क्षेत्रमा पर्ने प्रभाव कम गर्ने उपाय अवलम्बन गर्दछ ।
- गाउँपालिकामा सामाजिक तथा आर्थिक विकास र मानवीय सहयोगका क्षेत्रमा काम गर्ने अन्तर्राष्ट्रिय, राष्ट्रिय, स्थानीय गैरसरकारी संस्था वा समुदायका कार्यक्रम स्वीकृति र कार्यान्वयनका सन्दर्भमा विपद् तथा जलवायु उत्थानशील कार्यक्रम तय गर्न मार्ग प्रशस्त गर्नेछ ।
- विपद्को समयमा प्रभावित परिवार वा समुदायको उद्धार र राहत व्यवस्थापन वा मानवीय सहयोगलाई व्यवस्थित गर्ने सुनिश्चितता दिन्छ ।
- विपद् पछि गर्नु पर्ने पुनर्निर्माण र पुनःस्थापनका कार्यलाई प्रभावकारी बनाउन दिशानिर्देश गर्नेछ ।
- विपद् जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलनका कार्यमा "सबै जुटन र केही नछुटन" भन्ने अवधारणाअनुरुप लैङ्गिक तथा सामाजिक सामाजिक समावेशीकरणलाई सुनिश्चित गर्न मार्गदर्शन गर्नेछ ।

## ३.७ नीति

- गाउँपालिकामा रहेका सरकारी, गैरसरकारी तथा निजी तथा सार्वजनिक निकाय तथा संघसंस्थाहरुसँगको समन्वय तथा सहकार्यमा स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिहरुको गठन गर्ने तथा उक्त समिति मार्फत समितिका सदस्य तथा पदाधिकारी एवं समुदायका व्यक्तिहरुलाई विपद् तथा जलवायु सम्बन्धी गतिविधिहरुमा सहभागिता गराई क्षमता विकास गर्नेछ ।

## ३.८ रणनीति

यस योजनाको सफल कार्यान्वयनका लागि निम्न रणनीति अवलम्बन गरिनेछ:

- गाउँपालिकाबाट स्वीकृत विपद् तथा जलवायु उत्थानशील योजना गाउँ कार्यपालिका, स्थानीय विपद् व्यवस्थापन समितिको निर्णयमा विभिन्न शाखा, वडा कार्यालय र समुदाय मार्फत् कार्यान्वयन गर्न प्राथमिकता दिनेछ ।
- योजनाको कार्यान्वयन गाउँपालिकाको आवधिक तथा वार्षिक कार्यक्रममा समायोजन गरी कर्यान्वयन गरिनेछ ।
- यस योजनाको कार्यान्वयन तथा व्यवस्थापन पद्धतिमा समयानुकुल सुधार गरी व्यवस्थापनमा आवश्यकता अनुसार सुधार गरिनेछ ।
- विपद् जोखिम न्युनीकरण र जलवायु परिवर्तन अनुकुलन सम्बन्धी आयोजना तथा कार्यक्रमको कार्यान्वयनलाई निरन्तरता दिन प्राथमिकताका आधारमा बहुवर्षीय कार्यक्रम तयार गरी आवश्यक बजेटको व्यवस्थापन गरिनेछ।
- योजनाका प्राथमिकतालाई परियोजनाको रूपमा समेत विकास गरी कार्यान्वयन गरिनेछ ।
- गाउँसभाबाट स्वीकृत योजना गाउँपालिकाका विषयगत इकाई वा कार्यालय, समुदाय, सङ्घसंस्था तथा निजी क्षेत्र एवं समुदायमा आधारित विपद् व्यवस्थापन समितिसमेतको सहयोग लिई कार्यान्वयन गर्नेछ ।

***

# खण्ड ४ : स्थानीय विपद् तथा जलवायु उत्थानशील गतिविधीहरु

सबै सरोकारवालाहरुसँगको बृहत छलफल पश्चातसुवर्ण गाउँपालिकाको स्थानिय विपद तथा जलवायु उत्थानशील योजना तयार गरिएको छ । विपद् जोखिम व्यवस्थापनको सवाललाई विकासका योजनासँग मूलप्रवाहीकरण गरी विपद्

उत्थानशील समाज निर्माण गर्दै विपद् जोखिम व्यवस्थापनलाई केन्द्र देखि स्थानीय तहसम्म विस्तार गरी सबै तहका विकास नीति तथा कार्यक्रममा मूलप्रवाहीकरण गर्ने प्रयास गरिएको छ । यसका साथै विपद् जोखिम व्यवस्थापनलाई सहभागितामूलक, पारदर्शी, उत्तरदायी, समावेशी र जिम्मेवार बनाउन "स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका- २०६८ तथा स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिकाका-२०७४" को मस्यौदाका केही विधिहरु पनि समावेश गरी यस योजनाको खण्ड ४ मा सुवर्णगाउँपालिकाकागाउँपालिकास्तरीय विपद् व्यवस्थापन योजनाका क्रियाकलापहरूलाई समावेश गरिएको छ ।

सङ्कटासन्नता तथा क्षमता लेखाजोखाले पहिचान गरेको मुख्य विपदबाट हुन सक्ने जनधनको क्षति कम गरी जोखिम न्यूनीकरणमा समुदायलाई नै सक्षम बनाई विपद् जोखिम व्यवस्थापनलाई केन्द्रदेखि स्थानीय तहसम्म विस्तार गरी सबै तहका विकास नीति तथा कार्यक्रममा मूलप्रवाहीकरण गर्ने यस योजनाको लक्ष्य रहको छ । सम्भावित विपद्को जोखिम कम गर्ने, विपद्को समयमा आपत्कालीन कार्य सम्पादन गर्ने र विपद्पश्चात् पुर्नस्थापना तथा पुर्ननिमार्णका लागि दिशानिर्देश गर्न तयार गरिएको योजनाबद्ध कार्यक्रम, कार्य जिम्मेवारी सहितका गतिविधीहरू समावेश गरिएको छ । सुवर्ण गाउँपालिकाभित्र विपद् जोखिम र सङ्कटासन्नताको सूचना संकलन र क्षमता विश्लेषणको आधारमा विपद्का रुपमा आएकाजनावरको आतंक (नीलगाई, बदेल), बाढी, डुबान, खडेरी, खेतीबालीमा लाग्ने रोग, पशुजन्य रोग,हुरीबतास, आगलागी, सडक दुर्घटनातथा शीत लहर जस्ता विपद्लाई स्थानीय समुदाय तथा विपद् व्यवस्थापन समिति, सघंसस्था तथा सरकारी निकायले योजनाबद्ध रुपमा जोखिम न्यूनीकरणका क्रियाकलापहरू सञ्चालन गर्नु पर्ने देखिन्छ । यस विपद् जोखिम व्यवस्थापन योजना निर्माण निम्न प्रक्रियामा गरिएको छ ।

## ४.१ विपद् पूर्वको क्रियाकलापहरू (पूर्वतयारी, रोकथाम, अल्पिकरण र अनुकूलनका योजनाहरु)

विपद् पूर्वका क्रियाकलाप अन्तर्गत जनचेतना अभिवृद्धि, भौतिक स्रोत र साधनको विकास, मानव संसाधनको विकास, नीतिगत संरचना तथा सस्थागत विकास र जीविकोपार्जनका गतिविधीहरूलाई समावेश गरिएको छ । विपद् पूर्वका क्रियाकलापमा कुन गतिविधी कहिले गर्ने, त्यसको मुख्य भूमिका र जिम्मेवारी कस्को र त्यसका लागि आवश्यक स्रोतको सहयोग कहाँबाट जुटाउने भन्ने गतिविधीहरू समावेश गरिएको छ ।

## ४.१.१ विपद्को समयमा क्रियाकलापहरू (आपत्कालीन सहयोगः खोज, उद्दार, तत्कालिन राहत)

विपद् पश्चात प्रभावितहरूको तत्काल खोज तथा उद्धार, प्राथमिक उपचार आधारभूत आवश्यकता परिपूर्तिका लागि तुरुन्तै गरिने अन्य गतिविधि वा कार्य यसमा मानवीय जीवन रक्षाका लागि ध्यान दिई आधारभूत आवश्यक भौतिक सामाग्री, खाद्य सामाग्री, औषधी उपचार, खानेपानी, अस्थायी आवास, सुरक्षा आदी उपलब्ध गराइने गतिविधीहरू समावेश गरिएको छ ।

## ४.१.२ विपद् पश्चातको क्रियाकलापहरू (पुर्नस्थापना र पुनर्निर्माण)

विपद्बाट प्रभावित समुदाय, परिवार र व्यक्तिलाई समयमै खतरामुक्त स्थानमा स्थानान्तरण गरिसके पछि भविष्यमा पर्नसक्ने सम्भावित प्रकोप समेतबाट सुरक्षित हुने गरी पहिलाकै ठाउँ वा अन्य सुरक्षित स्थानमा अस्थायी घर, जीवन बाँच्नका लागि आवश्यक खाद्य, सुरक्षा, पानी, सरसफाइर स्वास्थ्य सेवाको पूर्वाधार तयार गरी पुर्नस्थापना र पुनर्निर्माण कार्य गर्ने तथा भविष्यमा त्यस्ता विपद् नपरोस् भन्नका लागि गरिने गतिविधीहरू विपद् पश्चात समावेश गरिएको छ।

### ४.१.३ नीतिगत व्यवस्था तथा निर्णय

यससुवर्ण गाउँपालिकाले विपद् जोखिम व्यवस्थापनका कार्यलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नआवश्यकता अनुसार

> अनुसूची १० विपद् जोखिम व्यवस्थापन कार्यदल मा उल्लेख भए अनुसार विभिन्न कार्यदलहरु (जस्तै सूचना तथा पूर्वचेतावनी कार्यदल, खोज तथा उद्धार कार्यदल, राहत तथा आपतकालीन आवास व्यवस्थापन कार्यदल, प्राथमिक उपचार कार्यदल, क्षति तथा आवश्यकता विश्लेषण कार्यदल तथा खानेपानी, सरसफाई र स्वास्थ्य प्रवर्द्धन कार्यदल)

गठन गर्न आवश्यक देखिन्छ । विपद् व्यवस्थापन भित्र गरिने विभिन्न चरणका कार्यहरूलाई व्यवस्थित गर्नका लागि स्थानीय स्तरमा तर्जुमा गरिने विकास योजनाको एउटा प्रमुख भागका रूपमा निरन्तर रूपमा यो योजना कार्यान्वयन हुनु आवश्यक छ । विपद्को घटना मानव समुदायका लागि सम्वेदनशील भएकोले यस्तो अवस्था नआओस भन्नाका निम्ती हरेक विकासका कार्यलाई विपद् व्यवस्थापन कार्यसँग समायोजन गरीदिगो विकासका क्रियाकलापमा समुदायको सक्रिय सहभागिता हुनु जरुरी छ यसका साथै पछिल्लो समयमा बढ्दै गएको जलवायु जन्य जोखिम तथा समस्यालाई पनि सम्बोधन हुने, समुदाय अनुकुलका गतिविधिहरु पनि समावेश गरिने कुरा पनि नीतिगतरुपमा नै अगाडी बढाईनु जरुरी छ ।

### ४.१.४ जनचेतना तथा क्षमता अभिवृद्धि

| प्राथमिकता क्रम | प्रमुख समस्या तथा जोखिम | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक | बाह्य | |
| १ | बालीमा लाग्ने रोगसम्बन्धी जनचेतनाको कमी | बालीमा लाग्ने रोग बाट सुरक्षा सम्बन्धी जनचेतना जगाउने | | | | |
| २ | आगलागी सुरक्षा सम्बन्धी प्रयाप्त जनचेतनाको कमी | आगलागी बाट सुरक्षा सम्बन्धी घर दैलो कार्यक्रम गरेर जनचेतना जगाउने | | | | २ वर्ष भित्र |
| ३ | पशुजन्य रोगले पुऱ्याउन सक्ने असरको बारेमा जानकारीको अभाव | पशुजन्य रोग पुऱ्याउने असर तथा क्षतिको बारेमा स्थानिय एफ एम तथा रेडियो मार्फत समुदायलाई जानकारी गर्ने | | | | |
| ४ | शीतलहरले जनजीवन कष्टकर | शितलहरवाट बच्न समुदायमा दाउरा वितरण गर्ने | स्थानिय विपद् व्यवस्थापन समिती | गाउँपालिका | साझेदार संस्था | हरेक वर्ष |
| ५ | बाढीले पुऱ्याउन सक्ने असर तथा क्षतिको बारेमा प्रयाप्त जानकारीको अभाव | गाउँपालिकामा भएका बाढीको जोखिमपूर्ण स्थानहरुमा गई बाढीले पुऱ्याउने असर तथा क्षतिको बारेमा पोष्टर, पम्पलेट तयार गरी समुदायलाई वितरण गर्ने | | | | २ वर्ष भित्र |
| ६ | राहत वितरण सामाग्रीमा भिन्नता । | राहत वितरणलाई टेवा पुऱ्याउने स्फियर मापदण्डको तालिम प्रदान गर्ने तथा राहत वितरण सामाग्रीलाई | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | स्फियर मापदण्ड अनुरुप वितरण गर्ने । | | | | १ वर्ष भित्र |
| ७ | नगद वितरणमा एकरुपता नहुदा समुदायमा नगद वितरणको समयमा समस्या । | नगद वितरण सम्बन्धी कार्यविधी निर्माण तथा त्यसै अनुरुप समुदायमा नगद वितरण । | | | | |
| ८ | वृक्षारोपण नगर्नाले जोखिम हुने | गाउँपालिकामा भएका खुल्ला स्थानहरुमा वृक्षारोपण गर्ने बारे सचेतनामूलक कार्यक्रमहरु गर्ने | | | | ३ वर्ष भित्र |
| ९ | तत्कालिन प्रतिकार्यको अभाव | विपद् व्यवस्थापन समिती गठन गरेसँगै पूर्वसूचना तथा सञ्चार कार्यदल, खोज तथा उद्धार, प्राथमिक उपचार, जस्ता कार्यदलहरूलाई अभ्यासहरू गराउने | | | | १ वर्ष भित्र |

## ४.१.५ जोखिम न्यूनीकरण

गाउँपालिकाभित्र रहेका विपद्जन्य सङ्कटासन्नता तथा जोखिम कम गर्न पर्ने कार्यलाई निम्नबमोजिमको खाकामा प्राथमिकता अनुरूप उल्लेख गरिएको छ । यसमा ग्रामीण सडक, कल्भर्ट, पुल, विद्यालय वा अन्य सार्वजनिक भवनको प्रवलीकरण; प्राकृतिक स्रोतको संरक्षण, नदी तटबन्धजस्ता क्रियाकलापहरूलाई उल्लेख गरिएको छ ।जोखिम न्यूनीकरणको कार्यन्वयनको मुख्य जिम्मेवारी स्थानिय विपद् व्यवस्थापनसमितिको रहनेछ । स्रोतको व्यवस्था आन्तरिक रुपमा गाउँपालिकातथा बाह्य रुपमा साझेदार संस्थाले गर्नेछ ।

| प्रकोप | प्रमुख समस्या तथा जोखिम | अनुकुलन तथा जोखिम न्यूनीकरण | समय अवधि |
|---|---|---|---|
| **वडा नम्बर १ को जोखिम न्यूनीकरण** | | | |
| नदी कटान | हरिन्द्र महतको खेत देखि जियालाल सहनीको खेतमा ७०० मिटरको बिचमा दुई ठाउमा ५० मिटर सम्म नदी कटान । | हरिन्द्र महतको खेत देखि जियालाल सहनीको खेतमा ७०० मिटरको बिचमा दुई ठाउमा ५० मिटरको तटबन्धन गर्ने । | ३ वर्ष भित्र |
| | मोहना देखि सोलकपुर पुल पश्चिम सम्म ५०० मिटर नदी कटान । | मोहना देखि सोलकपुर पुल पश्चिम सम्म ५०० मिटरको तटबन्धन गर्ने । | २ वर्ष भित्र |
| **वडा नम्बर २ को जोखिम न्यूनीकरण** | | | |
| नदी कटान | तियर खोला मुसहरनामा तियर खोलाले मुसहरना चरमोहना देखि पञ्चगछिया बोर्डर सम्म ५ किलोमिटर सम्म नदी कटान । | तियर खोला मुसहरनामा तियर खोलाले मुसहरना चरमोहना देखि पञ्चकछिया बोर्डर सम्म ५ किलोमिटर सम्म नदीमा तटबन्धन गर्ने । | ५ वर्ष भित्र |
| **वडा नम्बर ३ को जोखिम न्यूनीकरण** | | | |

| | | | |
|---|---|---|---|
| बाढी | गोठको डमुवान नदी देखि पञ्चगछिया सम्म विभिन्न ठाँउमा गरेर २ कि. मि. को क्षेत्रमा क्षति । | गोठको डमुवान नदी देखि पञ्चगछिया सम्म विभिन्न ठाँउमा गरेर २ कि. मि. को क्षेत्रमा तटबन्धन गर्ने । | ५ वर्ष भित्र |
| जनावरको आतंक | नीलगाई तथा बदेलले बालीमा व्यापक क्षति | तारबारले बाली जोगाउने, पुतला झुण्डाउने, सरकारले बालीको उचित क्षतिको मुआब्जा दिने | २ वर्ष भित्र |
| डुबान | • ब्रह्म बाबाको मन्दिर देखि धर्मेन्द्र सिंहको घरसम्म १ कि.मि. डुबान हुने ।<br>• छठघाट देखि शिवमङ्गल सिंहको घरसम्म ३०० मिटर डुबान हुने ।<br>• पचरौता नगरपालिकाको सिमाना वडा नम्बर ३ देखि तिहरखोलको संगम सम्म नियमित रुपमा नदी कटान हुँदा ३ किलोमिटर डुबान हुने ।<br>• अजबलाल महतको खेतदेखि बिन्देश्वरी सिंहको पशिचममा किनारामा १.५ किलोमिटर डुबान हुने । | • ब्रह्म बाबाको मन्दिर देखि धर्मेन्द्र सिंहको घरसम्म डुबान हुने हुँदा १ कि.मि. तटबन्धन गर्ने ।<br>• छठघाट देखि शिवमङ्गल सिंहको घरसम्म डुबान हुने हुँदा ३०० मिटर तटबन्धन गर्ने ।<br>• पचरौता नगरपालिकाको सिमाना वडा नम्बर ३ देखि तिहरखोलको संगम सम्म नियमित रुपमा नदी कटान हुने हुँदा ३ किलोमिटरको तटबन्धन गर्ने ।<br>• अजबलाल महतको खेतदेखि बिन्देश्वरी सिंहको पशिचममा किनारा सम्म डुबान हुने हुँदा १.५ किलोमिटरको तारजाली गर्ने । | ५ वर्ष भित्र |
| **वडा नम्बर ४ को जोखिम न्यूनीकरण** | | | |
| बाढी | भूतही खोला बग्ने सानो हर्दियादेखि ठूलो हर्दिया हुँदै वडा नं ५ को सिमाना सम्म बाढी जाने । | भूतही खोला बग्ने सानो हर्दियादेखि ठूलो हर्दिया हुँदै वडा नं ५ को सिमानासम्म १ किलोमिटर तटबन्धन गर्ने । | २ वर्ष भित्र |
| | थलही खोलाको मुख्य नहरदेखि चरमोहनाको अन्तिम सिमाना सम्म बाढी जाने । | थलही खोलाको मुख्य नहरदेखि चरमोहनाको अन्तिम सिमानासम्म ३ किलोमिटर तटबन्धन गर्ने । | ३ वर्ष भित्र |
| **वडा नम्बर ५ को जोखिम न्यूनीकरण** | | | |
| आगलागी | फुसको घर भएको समुदाय | पक्की घर निर्माणमा सहयोग, आगलागी सम्बन्धी बस्ती स्तरमा सचेतना कार्यक्रम, आगलागी सम्बन्धी समुदाय स्तरमा तालिम, होडिङ बोर्ड, भित्ते लेखन मार्फत जानकारी | निरन्तर |
| **वडा नम्बर ६ को जोखिम न्यूनीकरण** | | | |
| बाढी | धर्मपुर मठ देखि गण्डक नहर सम्म २ किलोमिटर क्षेत्रमा बाढी जाने । | धर्मपुर मठ देखि गण्डक नहरसम्म २ किलोमिटर क्षेत्रमा तटबन्धन गर्ने । | ३ वर्ष भित्र |
| | पिपरागाँउदेखि दक्षिण हर्दिया विद्यालयको जग्गासम्म २ कि.मि. सम्म बाढी जाने। | पिपरागाँउदेखि दक्षिण हर्दिया विद्यालयको जग्गासम्म २ किलोमिटर तटबन्धन गर्ने । | ३ वर्ष भित्र |
| | धर्मपुर थलही नदीमा ३३ हजार भोल्टको खम्बा जोखिम र त्यसलाई स्थान्तरण | धर्मपुर थलही नदीमा ३३ हजार भोल्टको खम्बा जोखिम र त्यसलाई स्थान्तरण गरेर सुचारु | १ वर्ष भित्र |

| | | | |
|---|---|---|---|
| | गरेर सुचारु गर्नुपर्ने। | गर्नुपर्ने। | |
| **वडा नम्बर ७ को जोखिम न्यूनीकरण** | | | |
| बाढी | समफुलवा टोल देखि छठीघाट सम्मको १ किलोमिटरमा बाढी जाने । | समफुलवा टोल देखि छठीघाट सम्मको १ किलोमिटर तटबन्धन गर्ने । | २ वर्ष भित्र |
| | समफुलवाको सशस्त्र प्रहरी बल क्याम्प नजिक किलोमिटर सम्म बाढी जाने । | समफुलवाको सशस्त्र प्रहरी बल क्याम्प नजिक तटबन्धन गर्ने २ किलोमिटर तटबन्धन गर्ने । | ३ वर्ष भित्र |
| **वडा नम्बर ८ को जोखिम न्यूनीकरण** | | | |
| सडक दुर्घटना | मस्जिदको छेउमा, भिस्वा बजारमा तथा पर्शुरामपुरमा भिखारी मियाको घरनिर अत्याधिक गतिको कारण सवारी साधनहरुको दुर्घटना । | • सवारी साधनहरुका अत्याधिक गति नियन्त्रण गर्ने सडकमा स्पिड ब्रेकरको व्यवस्था गर्ने ।<br>• मस्जिदको छेउमा, भेसवा बजारमा, पर्शुरामपुरमा भिखारी मियाको घरनिर होडिङ बोर्ड मार्फत दुर्घटनाग्रस्त क्षेत्रको जानकारी दिने, स्पिड ब्रेकरको व्यवस्था गर्ने ।<br>• सडक दुर्घटना सम्बन्धी जनचेतनामुलक कार्यक्रम तथा ट्राफिक चिन्ह राख्ने । | १ वर्ष भित्र |
| आगलागी | फुसको घरमा | पक्की घर निर्माणमा सहयोग, आगलागी सम्बन्धी बस्ती स्तरमा सचेतना कार्यक्रम, आगलागी सम्बन्धी समुदाय स्तरमा तालिम, होडिङ बोर्ड, भित्ते लेखन मार्फत जानकारी, बिजुलीको खम्बा अग्लो बनाउनु पर्ने, | २ वर्ष भित्र |

### ४.१.६ आपत्कालीन पूर्वतयारी :

गाउँपालिकाभित्र कुनै पनि विपद्को घटना भएमा त्यसको सामना गर्न आवश्यक पर्ने पूर्वतयारीका क्रियाकलापलाई तलको ढाँचामा उल्लेख गरी कार्यान्वयन गर्नुपर्छ । यसमा विपद् व्यवस्थापन कोषको स्थापना तथा कार्यविधी निर्माण गर्ने, खुल्ला क्षेत्रको पहिचान तथा व्यवस्थापन, खाद्य तथा गैरखाद्य सामग्रीको बन्दोबस्त, आपत्कालिन आश्रयस्थलको पहिचान तथा व्यवस्था, प्राथमिक उपचार समग्री र मानवीय सहयोगका क्षेत्रमा काम गर्ने संस्था तथा निजी क्षेत्रसँग समन्वय गर्नेविधिजस्ता क्रियाकलापसमेत समेट्नु पर्नेछ । आपत्कालिन पूर्वतयारीको कार्यन्वयनको मुख्य जिम्मेवारी स्थानीय विपद् व्यवस्थापन समितिको रहनेछ । स्रोतको व्यवस्था आन्तरिक रुपमा गाउँपालिकातथा बाह्य रुपमा साझेदार संस्थाले गर्नेछ ।

| क स | प्रमुख समस्या तथा जोखिम | व्यवस्थापनका क्रियाकलाप | समय अवधि |
|---|---|---|---|
| १ | विपद् पश्चात् समुदाय | गाउँपालिका तथा वडास्तरीय समिक्षा बैठक गरी प्रारम्भिक द्रुत लेखाजोखा (Initial Rapid Assessment (IRA) मार्फत सुचना संकलनलाई निर्देशन गर्ने । | तत्काल |

| | | | |
|---|---|---|---|
| २ | तथा वडास्तरमा पूर्वतयारी तथा प्रतिकार्यको समिक्षा, संकलित तथ्याङ्को अद्यावधिक, पुनःस्थापना तथा पुनर्निर्माणका गतिविधिहरु संचालन । | संकलित तथ्याङ्कलाई अद्यावधिक गर्ने । | तत्काल |
| ३ | | महामारी फैलिन नदिन आवश्यक कार्य गर्ने, समुदाय सरसफाई कार्यक्रम | तत्काल |
| ४ | | पुनःस्थापना, पुर्ननिर्माण तथा जिविकोपार्जनका लागि आयआर्जनका गतिविधिहरु सञ्चालन गर्ने । | तत्काल |
| ६ | | विपद् पूर्वतयारी, रोकथाम, अल्पीकरणका गतिविधिहरुलाई निरन्तर रुपमा सञ्चालन गर्ने । साथै भत्केका संरचनाहरु पुनः निमार्ण मर्मत गर्ने । | पुनः निमार्ण सुरु गर्ने |
| | | स्थानीय आपत्कालिन कार्यसञ्चालन केन्द्र निर्माण गर्ने तथा स्थानीय आपत्कालिन कार्यसञ्चालन केन्द्र कार्यविधी निर्माण गर्ने | तत्काल |
| ७ | राहतको वितरण | राहत मापदण्डको निर्माण गर्ने जसले गर्दा विपद्को समयमा तत्काल विवाद रहित राहत वितरण गर्ने सकियोस । | तत्काल |
| ८ | | वास्तविक प्रवाहितहरुको तथ्यांक संकलन गर्ने | तत्काल |
| ९ | | समस्या पहिचान गरी राहत वितरण गर्ने । | तत्काल |
| १० | | राहत वितरण गर्दा स्फेयर मापदण्ड अनुसार गर्ने । | |
| ११ | | नगद वितरण गर्ने कार्यविधी निर्माण गर्ने र त्यस अनुरुप विवाद रहित नगद वितरण गर्न सकियोस । | |
| १२ | पुनःनिर्माण तथा जिविकोपार्जनका गतिविधिहरु संचालन | भत्किएका घरहरु तथा संरचनाहरुको पुनःनिर्माण गर्ने, जिविकोपार्जन अन्तर्गत विभिन्न आयआर्जन तथा सीपमुलक कार्यक्रमहरु संचालन गर्ने आदि । | तत्काल |

## ४.२ विपद्को समयका प्रतिकार्यका क्रियाकलापहरु (घटना घटेको दिन देखि ३ महिना सम्म)

सुवर्ण गाउँपालिका कुनै पनि समयमा विपद् परेमा प्रभावितलाई उद्धार,स्वास्थ्य,सुरक्षा,जीवनरक्षा र सम्पत्ती संरक्षणका लागि आपतकालिन समयमा गर्नुपर्ने क्रियाकलापलाई निम्न अनुसार उल्लेख गरिएको छ । यस योजनामा विशेषगरी पुर्वसुचना र चेतावनी प्रवाह गर्ने हराएकाको खोजी प्रभावितको उद्धार सुरक्षा निकायमा खवर,आपतकालिन बसोवास र राहत व्यवस्थापनका लागि गर्नुपर्ने कार्य प्रक्रियालाई जोड दिएको छ । तपसिल अनुसारका विपद्कार्य आधारभुत कार्यहरु भएकोले यसैको आधारमा सुवर्ण गाउँपालिकाले पूर्वतयारीका कार्यहरुलाई नेपाल सरकारको विपद् प्रतिकाई कार्यढाँचा अनुसार सचालन गरिने छ ।विपद्को समयका प्रतिकार्यका क्रियाकलापहरु कार्यन्वयनको मुख्य जिम्मेवारी स्थानीय विपद् व्यवस्थापन समितिको रहनेछ । स्रोतको व्यवस्था आन्तरिक रुपमा गाउँपालिका तथा बाह्य रुपमा साझेदार संस्थाले गर्नेछ।

**समय अवधि (० देखि २४ घण्टा भित्र)**

| क. सं | प्रमुख समस्या तथा जोखिम | व्यवस्थापनका क्रियाकलाप | जिम्मेवारी |
|---|---|---|---|
| १ | विपद् व्यवस्थापन | • विपद् घटना घट्ना साथ स्थानीय आपत्कालिन कार्यसञ्चालन केन्द्रलाई क्रियाशिल गराउने । | |

| | | | |
|---|---|---|---|
| | समितिले विपद् व्यवस्थापनको प्रकियामा स्पष्ट नहुदा सक्रिय रुपमा बैठक नहुनु | • खोज तथा उद्धार टोली परिचालन गर्ने ।<br>• प्रभावितसमुदायमा जोखिममा रहेका समुदाय वर्गलाई खोज, उद्धारमा जोड दिने, माइकिङ्ग गर्ने र स्थानीय मिडिया, सञ्चार माध्यममा खवर गर्ने ।<br>• आगलागी भएका तुरुन्त दमकललाई सम्पर्क गर्ने र एम्वुलेन्सलाई पनि घटनास्थलको अवस्थाको जानकारी गराई आवश्यक भएमा तुरुन्त बोलाउने ।<br>• प्रभावित समुदायमा संचार गर्ने र सुंचनालाई विश्लेषण गरी तुरुन्त माथिल्लो तह प्रमुख प्रशासकिय अधिकृत,अध्यक्ष, उपाध्यक्षलाई खवर गर्ने ।<br>• स्थानीय आपत्कालिन कार्यसञ्चालन केन्द्रले अवस्थाको जानकारी प्रमुख जिल्ला अधिकारीलाई र थप खोज उद्धार आवश्यक भएमा प्रमुख जिल्ला अधिकारीसंग समन्वय गरी खोज उद्धार टोली परिचालन गर्ने ।<br>• स्थानीय आपत्कालिन कार्यसञ्चालन केन्द्रमा रहेको कार्यदलहरुलाई, तालिमप्राप्त जनशक्तिहरुलाई तुरुन्त सम्पर्क गरी परिचालन गर्ने । | स्थानीय आपत्कालिन कार्यसञ्चालन केन्द्र |
| २ | | स्थानीय आपत्कालिन कार्यसञ्चालन केन्द्रले रेडक्रससंग समन्वय गरी प्रारम्मिक द्रुत लेखाजोखा IRA टोली परिचालन गर्ने । | स्थानीय आपत्कालिन कार्यसञ्चालन केन्द्र, स्थानीय प्रहरी र रेडक्रस |
| ३ | | स्थानीय आपत्कालिन कार्यसञ्चालन केन्द्रले सम्पन्न गरेको प्रारम्भिक द्रुत लेखाजोखालाई विश्लेषण गरी सवैलाई जानकारी गराउने | |
| ४ | | प्रारम्भिक द्रुत लेखाजोखाको आधारमा तुरुन्त तयारी खाना, पानी, औषधी जस्ता अत्यावश्यक सामग्रीहरुको वितरण गर्ने । | स्थानीय आपत्कालिन कार्यसञ्चालन केन्द्र, निजी क्षेत्र, अन्य सरकारी तथा गैर सरकारी संस्था र रेडकस |
| ५ | | प्रभावितहरुलाई सुरक्षित स्थानमा राख्नका लागि सुरक्षित स्थानमा पहिचान गरी स्थानान्तरण गर्ने | स्थानीय आपत्कालिन कार्यसञ्चालन केन्द्र, स्वयंसेवक र सुरक्षा निकाय |
| ६ | | प्रभावित स्थानमा आवश्यक शौचालय, खानेपानी, हात धुने स्थान, सरसफाईका लागि सामग्रीहरु व्यवस्थापन गर्ने । | स्थानीय आपत्कालिन कार्यसञ्चालन केन्द्र र रेडक्रस |
| ७ | | आवश्यकता अनुसार शाखा, वडाका कर्मचारीहरु परिचालन गर्ने । | प्रमुख प्रशासकीय अधिकृत |
| ८ | | विभिन्न कार्यदलहरुलाई परिचालन गर्ने । | स्थानीय आपत्कालिन कार्यसञ्चालन केन्द्र र रेडक्रस |

| | | | |
|---|---|---|---|
| ९ | | • आपतकालिन कार्यसञ्चालन केन्द्रको वैठक राख्ने ।<br>• वैठकको निर्णयहरु सवै निकाय शाखालाई गराई हालसम्म भएका प्रगति स्थानीय तथा जिल्ला विपद् व्यवस्थापन समितिलाई गराउने । | स्थानीय आपत्कालिन कार्यसञ्चालन केन्द्र |
| १० | | प्राविधिक औजार र यन्त्रहरु आवश्यकता अनुसार प्रयोग तथा तयारी अवस्थामा राख्ने । | कार्यपालिका कार्यालय |
| ११ | | • राहत मापदण्ड अनुसार राहत सामग्री वितरणका लागि तयारी गर्ने ।<br>• स्थानीय विपद् व्यवस्थापन समितिको बैठक आयोजना गरी नितिगत, राहत सामग्री योजना तथा राहत प्याकेजको सुनिश्चित गर्ने । | स्थानीय आपत्कालिन कार्यसञ्चालन केन्द्र |
| १२ | | विस्तृत लेखाजोखा, क्षेत्रगत लेखाजोखा र आवश्यकता हुने अवस्थामा बहुक्षेत्रिय प्रारम्भिक द्रुत लेखाजोखा तयार गर्ने । | स्थानीय आपत्कालिन कार्यसञ्चालन केन्द्र, नेपाल प्रहरी र रेडक्रस |
| १३ | | प्रभावितहरुलाई स्वास्थ्य निकायहरु सम्म लैजानका लागि एम्वुलेन्सहरु तयारी राख्ने र थप उपचारका लागि सुविधा सम्पन्न अस्पताल लैजाने तयारी समन्वय | स्थानीय आपत्कालिन कार्यसञ्चालन केन्द्र र स्वास्थ्य शाखा |
| १४ | | बर्तमान अवस्था, राहत वितरणको अवस्थालाई समेटी Situation update or Sitrep प्रकाशन गर्ने । | स्थानीय आपत्कालिन कार्यसञ्चालन केन्द्र र संचार शाखा |
| १५ | | प्रतिवेदनलाई DDMC\ DEOC\ PEOC\NEOC मा सम्प्रेषण गर्ने । | स्थानीय आपत्कालिन कार्यसञ्चालन केन्द्र |

**प्रतिकार्यको चरण (२४ घण्टा देखि ७२ घण्टा भित्र)**

| क. सं | प्रमुख समस्या तथा जोखिम | व्यवस्थापनका क्रियाकलाप | जिम्मेवारी |
|---|---|---|---|
| १ | उद्धारका लागि प्रयाप्त स्रोत | आपतकालिन कार्यसञ्चालन केन्द्रमा कार्यटोलीहरु सहित वैठक गर्ने र २४ घण्टाको अवस्थाको समिक्षा गर्ने । | स्थानीय आपत्कालिन कार्यसञ्चालन केन्द्र |
| २ | साधन नहुनु तथा सम्बन्धित सरोकारवाला सँग | स्थानीय आपत्कालिन कार्यसञ्चालन केन्द्रले विस्तृत सर्वेक्षणका टोली परिचालन गरी प्रभावित प्रत्येक घरहरुको विवरण लिने । | स्थानीय आपत्कालिन कार्यसञ्चालन केन्द्र, स्थानीय प्रहरी र रेडक्रस |

| | | | |
|---|---|---|---|
| ३ | समन्वय नहुनु | स्थानीय आपत्कालिन कार्यसञ्चालन केन्द्रले आवश्यकता अनुसार दक्ष जनशक्तिहरुको माग गर्ने, विपद्को अवस्था हेरी केन्द्रसंग राहत सामग्री, यातयात साधन आदिको नक्साङ्कन गर्ने । | स्थानीय आपत्कालिन कार्यसञ्चालन केन्द्र |
| ४ | | खोज तथा उद्धारका लागि खोज तथा उद्धार समूह, प्राथमिक उपचार समुह, खानेपानी सरसफाई समुह, स्वयंसेवक र समुदायमा आधारित संस्थाका खोज तथा उद्धार कार्यदलहरूबाट नियमित सूचना प्राप्त गर्ने संयन्त्र तयार गरी सो अनुरूप कार्य गर्ने । | क्षेत्रगत टोलीहरु |
| ५ | | विपद्बाट घाइतेहरुको नियमित सम्पर्क आवश्यक उपचारका लागि समन्वय गर्ने । | स्थानीय आपत्कालिन कार्यसञ्चालन केन्द्र , स्वास्थ्य संस्था |
| ६ | | प्रभावित परिवारलाई अस्थायी आवासको व्यवस्था गर्ने । | स्थानीय आपत्कालिन कार्यसञ्चालन केन्द्र र रेडक्रस |
| ७ | | विपद्का कारणले कोही वेपत्ता भएका खोज तथा उद्धारलाई नियमित गर्ने र आवश्यक भएका थप दक्ष जनशक्ति व्यवस्थाका लागि समन्वय गर्ने । | स्थानीय आपत्कालिन कार्यसञ्चालन केन्द्र र सुरक्षा निकायहरु |
| ८ | समदायहरु विपद् सम्बन्धी सूचना तथा उद्धारको प्रयास बारेमा अनभिज्ञ रहनु | • विस्तृत सर्वेक्षणमा स्थानीय तह, नेपाल प्रहरी र रेडक्रसको सहभागी अनिवार्य गरी सहि तथा यर्थात रुपमा नामावली संकलन गर्ने ।<br>• राहत व्यवस्थापनलाई प्रभावकारी बनाउन खाद्य, गैह्रखाद्य, नगद वितरणलाई सुचारू गर्न सहयोग गर्ने ।<br>• वडामा आवश्यकताका आधारमा दक्ष जनशक्ति, स्रोत साधन उपलब्ध गराउने ।<br>• क्षतिको विवरणलाई विश्लेषण गरी विभिन्न क्षेत्रहरूको सकृयता बढाउने ।<br>• प्रतिकार्य सम्बन्धी सूचना नियमित रूपमा केन्द्रमा अध्यावधिक गराउने | स्थानीय आपत्कालिन कार्यसञ्चालन केन्द्र |
| ९ | | विपद्सम्बन्धी सबै सूचना तथा जानकारी सम्बन्धित निकायहरूमा नियमित रूपमा पठाउने । | स्थानीय आपत्कालिन कार्यसञ्चालन केन्द्र, विपद् व्यवस्थापन शाखा |
| १० | विपद्मा परेको समदायहरुको अभिलेख नहुन | नियमित रूपमा सूचना बुलेटिन प्रकाशन गर्ने । | स्थानीय आपत्कालिन कार्यसञ्चालन केन्द्र र संचार शाखा |
| ११ | | गाउँपालिकाबाट भएको विपद् प्रतिकार्यका विवरण नियमित रुपमा वेवसाइट, सामाजिक सञ्जार, आधिकारिक फेसबुकपेज मार्फत जानकारी गराउने । | स्थानीय आपत्कालिन कार्यसञ्चालन केन्द्र , संचार शाखा |

प्रतिकार्यको चरण (७२ घण्टा देखि ७ दिन सम्म)

| क. सं | प्रमुख समस्या तथा जोखिम | व्यवस्थापनका क्रियाकलाप | जिम्मेवारी |
|---|---|---|---|
| १ | | विपद्को अवस्था हेरी स्फियर मापदण्ड अनुरुप हुने गरी राहत वितरण चामल, दाल, नुन तेल, खानेपानी र सरसफाई सामग्री वितरण गर्ने । | स्थानीय आपत्कालिन कार्यसञ्चालन केन्द |
| २ | | बजारको अवस्था हेरी नगद वितरणका लागि समन्वय गर्ने । | स्थानीय आपत्कालिन कार्यसञ्चालन केन्द्र, साझेदार संस्था र रेडक्रस |
| ३ | | घाइतेहरुको अवस्थाको जानकारी लिने र थप उपचारका लागि समन्वय गर्ने । | स्थानीय आपत्कालिन कार्यसञ्चालन केन्द्र र स्वास्थ्य शाखा |
| ४ | | विस्तृत सर्वेक्षण प्रतिवदेन संकलन र राहत वितरण नियमित गर्ने | स्थानीय आपत्कालिन कार्यसञ्चालन केन्द्र, स्थानीय प्रहरी र रेडक्रस |
| ५ | विपद् प्रभावितका लागि खाद्य तथा गैर खाद्य सामग्रीको अभाव हुनु | राहत वितरणका लागि स्वीकृत राहत मापदण्ड र स्फेयर मापदण्डको प्रयोग गर्ने । | स्थानीय आपत्कालिन कार्यसञ्चालन केन्द्र र रेडक्रस |
| ६ | | गाउँपालिका भित्रको क्षेत्रगत निकायहरुलाई क्रियाशिल गर्ने | स्थानीय आपत्कालिन कार्यसञ्चालन केन्द्र |
| ७ | | • दैनिक रुपमा कार्यटोलीहरुसंग बसी समिक्षा गर्ने र आगामी दिनको तयारी गर्ने । <br>• नियमित रुपमा स्थानीय तथा जिल्ला विपद् व्यवस्थापन समितिलाई प्रगतिको जानकारी गराउने । | |
| ८ | | अपाङता भएका व्यक्ति, ज्येष्ठ नागरिक, एकल महिला, सुत्केरी र गर्भवती महिलालाई सहज तरिकाले राहत प्राप्त गरेकोसुनिश्चित गर्ने । | स्थानीय आपत्कालिन कार्यसञ्चालन केन्द्र र संरक्षण क्षेत्र |
| ९ | | अस्थायी आवास केन्द्रमा सुरक्षा, चोरी, हिंसा जस्ता कार्यहरु रोक्नका लागिनगर प्रहरी तथा नेपाल प्रहरीसँग समन्वय गर्ने । | स्थानीय आपत्कालिन कार्यसञ्चालन केन्द्र र संरक्षण क्षेत्र |

प्रतिकार्यको चरण (७ दिन देखि २१ दिन सम्म)

| क. सं | प्रमुख समस्या तथा जोखिम | व्यवस्थापनका क्रियाकलाप | जिम्मेवारी |
|---|---|---|---|
| १ | प्रभावित क्षेत्रको अवस्था अनुसार योजना निर्माण | आवश्यकता हेरी क्षेत्रगत आधारमा विस्तृत सर्वेक्षण गर्ने | स्थानीय आपत्कालिन कार्यसञ्चालन केन्द्र, प्रहरी कार्यालय, नगर प्रहरी, सशस्त्र प्रहरी बलर रेडक्रस |

| | | | |
|---|---|---|---|
| २ | नहुनु | • विस्तृत सर्वेक्षणको आधारमा पुर्ण, आशिंक विवरणहरु तयारी गरी स्थानीय विपद् व्यवस्थापन समिति र जिल्ला विपद् व्यवस्थापन समितिमा पेश गर्ने ।<br>• स्थानीय विपद्व्यवथापन समिति र जिल्ला विपद् व्यवस्थापन समितिले गरेको निर्णयलाई कार्यान्वयन गर्ने । | स्थानीय आपत्कालिन कार्यसञ्चालन केन्द्र |
| ३ | | प्रभावित क्षेत्रको अवस्था हेरी दीर्घकालीन योजना निर्माण गर्न आवश्यक भएमा त्यसको लागि पहल र समन्वय गर्ने । | स्थानीय विपद् व्यवस्थापन समिति, विपद् व्यवस्थापन शाखा र प्राविधिक शाखा |
| ४ | | विपद्को अवस्थाको समिक्षा गरी बन्दोवस्ती, खोज उद्धार सामग्री, राहत सामग्री व्यवस्थापनका लागि थप प्रयास गर्ने । | स्थानीय आपत्कालिन कार्यसञ्चालन केन्द्र, प्रहरी कार्यालय, नगर प्रहरी, सशस्त्रप्रहरी बलर विपद् व्यवस्थापन शाखा |

## ४.३ विपद् पश्चातका पुर्नलाभ अर्न्तगत पुर्नस्थापना र पुर्ननिर्माणका क्रियाकलापहरु (विपद् समयका प्रतिकार्यका कार्यहरु सकिएपछि ३ महिना देखि २ वर्ष सम्म)

विपद् पश्चातका पुर्नलाभ अर्न्तगत पुर्नस्थापना र पुर्ननिर्माणका क्रियाकलापहरु कार्यन्वयनको मुख्य जिम्मेवारी स्थानिय विपद् व्यवस्थापन समितिको रहनेछ । स्रोतको व्यवस्था आन्तरिक रुपमा गाउँपालिका तथा बाह्य रुपमा साझेदार संस्थाले गर्नेछ ।

| क. सं | प्रमुख समस्या तथा जोखिम | व्यवस्थापनका क्रियाकलाप | जिम्मेवारी |
|---|---|---|---|
| १ | समुदाय द्वारा विपद् पश्चात् तथ्याङ्को अद्यावधिक, पुन:स्थापना तथा पुनर्निर्माणका गतिविधीहरु संचालनमा अवरोध । | पुर्नस्थापन र पुननिर्माण गर्ने घरहरु, सार्वजनिक निकायहरु, निर्माण गर्ने विकासमा पुर्वाधारहरुको विवरण तयार गर्ने । | विपद् व्यवस्थापन शाखा र प्राविधिक शाखा |
| २ | | पुर्नस्थापन र पुननिर्माणका लागि विभिन्न निकायहरुसग समन्वय गर्ने । | स्थानीय आपत्कालिन कार्यसञ्चालन केन्द्र, प्राविधिक शाखा र स्थानीय विपद व्यवस्थापन समिती |
| ३ | | जिविकोपार्जनका लागि आयआर्जनका गतिविधिहरु सञ्चालन गर्ने । | कृषि तथा पशु शाखा |
| ४ | | विपद् पूर्वतयारी, रोकथाम, अल्पीकरणका गतिविधिहरुलाई निरन्तर रुपमा सञ्चालन गर्ने । साथै भत्केका संरचनाहरु पुन: निमार्ण मर्मत गर्ने । | विपद् व्यवस्थापन शाखा र प्राविधिक शाखा |
| ५ | राहतको वितरणमा समस्या | वास्तविक प्रवाहितहरुको तथ्यांक संकलन गर्ने | विपद् व्यवस्थापन शाखा र प्राविधिक शाखा |

| | | | |
|---|---|---|---|
| ६ | | समस्या पहिचान गरी राहत वितरण गर्ने । | स्थानीय आपत्कालिन कार्यसञ्चालन केन्द्र, प्राविधिक शाखा र स्थानीय विपद व्यवस्थापन समिती |
| ७ | पुनःनिर्माण तथा जिविकोपार्जनका गतिविधिहरु संचालन | भत्किएका घरहरु तथा संरचनाहरुको पुनःनिर्माण गर्ने, जिविकोपार्जन अन्तर्गत विभिन्न आयआर्जन तथा सीपमुलक कार्यक्रमहरु संचालन गर्ने आदि । | विपद् व्यवस्थापन शाखा र प्राविधिक शाखा |

***

# खण्ड – ५ : योजना कार्यान्वयन, योजनाको अनुगमन, मूल्याङ्कन तथा अद्यावधिक

## ५.१ योजना कार्यान्वयन रणनीति

विपद् तथाजलवायु उत्थानशील योजनालाई गाउँ कार्यपालिकाको बैठक र गाउँसभाका सदस्यहरुबीच छलफल गरी स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिले स्वीकृत गर्नेछ । सोको स्वीकृतिसँगै यसका क्रियाकलापहरुको नेतृत्व गाउँपालिकाले गर्नेछ ।

यस योजनाको सफल कार्यान्वयन र समन्वयात्मक भूमिकाका लागि विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा १७ अनुकूल हुने गरी निर्वाचित जनप्रतिनिधिहरुको नेतृत्वमा स्थानीय विपद तथा जलवायु उत्थानशील समिति गठन भएको छ । मूलतः यस गाउँपालिकामा गठन भएको स्थानीय विपद् व्यवस्थापन समितिले यसको नेतृत्व

गर्नेछ । गाउँपालिकाका जनशक्ति तथा स्थानीय समुदायलाई तालिम प्रदान गर्दै जलवायु परिवर्तन तथा विपद् व्यवस्थापनका लागि परिचालन गरिनेछ ।

स्थानीयस्तरका ज्ञान, सिप, अभ्यास एवम् नवीनतम प्रविधिलाई आवश्यक्ता अनुरुप जलवायु परिवर्तन तथा विपद् व्यवस्थापनका लागि कार्यान्वयन गरिनेछ । आवश्यक्ता अनुसार सम्बन्धित निकायहरुसँग समन्वय गरी नमुना प्रदर्शनी तथा स्थलगत अनुसन्धानका कार्यक्रहरु गरिनेछ । योजना कार्यान्वयन गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई विशेष प्राथमिकता दिइनेछ । जलवायु परिवर्तन र विपद्को प्रभाव तथा जोखिमबाट भूमिहीन लगायत विपन्न महिला, दलित, जनजाती, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, बालबालिका आदि वर्गमा पर्ने बढी र फरक प्रभाव पर्ने कुरालाई मध्यनजर गरी यस योजनाको कार्यान्वयन्न प्रक्रियामा समेत सो वर्गलाई विशेष प्राथमिकताका साथ सहभागिता गराईनेछ । विपद् जोखिम व्यवस्थापनका लागि विपद् व्यवस्थापनको हरेक चक्रमा चरण विशेष कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।

यस योजनालाई वार्षिक एवं आवधिक योजनामा समायोजन गरिनेछ । यस योजनाको कार्यान्वयनलाई नीतिगतरुपमा नै प्राथमिकतामा राखी हरेक वार्षिक योजना तर्जुमा प्रक्रियामा कार्यक्रम हेरी टोल विकास समिति, वडा तथा गाउँपालिका स्तरीय कार्यक्रममा समावेश गरी आवश्यक बजेट विनियोजनका साथ कार्यान्वयन गर्ने/गराइनेछ । स्थानीय सरकारका वार्षिक योजनामा समावेश नभएका योजनालाई वडामार्फत गाउँपालिका, विषयगत कार्यालयहरु, जिल्ला समन्वय समिति, प्रदेश तथा संघीय सरकारमा पठाई समायोजन तथा कार्यान्वयनका लागि पहल गरिनेछ । यस योजनाका कार्यलाई स्थानीय स्तरमा विद्यमान सरकारी, गैरसरकारी तथा सामुदायिक समूह, संस्था, क्लब तथा उपभोक्ता समितिहरुमार्फत कार्यान्वयन गरिनेछ ।

यस योजनाअन्तर्गतका कार्यक्रमहरु कार्यान्वयन गर्दा स्थानीय तथा लक्षित वर्गको अपनत्वका साथै कार्यक्रमको दिगो प्रभावका लागि आधारभूत सचेतीकरण तथा क्षमता विकास, न्यूनतम स्थानीय योगदान/श्रमदान र समन्वयात्मक सहयोगलाई प्राथमिकता दिइनेछ । योजना कार्यान्वयनको प्रगति विश्लेषण गरी सोको प्रतिवेदन वार्षिक वा अर्धवार्षिक रुपमा तयार गरी सम्बन्धित निकायहरुमा पठाइनेछ । तर कुनै दातृ वा सहयोगी संस्था वा निकायसँग गरेको सम्झौताका आधारमा मासिक/त्रैमासिकरुपमा पठाउनुपर्ने भएमा सो सम्झौतालाई ध्यानमा राखी सोहीबमोजिम प्रतिवेदन तयार गरी पेस गरिनेछ ।

यस योजना विभिन्न निकायमा आर्थिक तथा प्राविधिक सहयोगका लागि पेश गरी आवश्यकता अनुसार ताकेता गरिनेछ। योजना कार्यान्वयनका क्रममा वा कार्यान्वयनपश्चात देखिएका सफलताका कथाहरु अभिलेखीकरण गरी प्रचारप्रसार गरिनेछ ।

## ५.२ योजनाको अनुगन, मूल्याङ्कन तथा पुनरावलोकन

